# लेखापरीक्षण प्रतिवेदन

# बर्दघाट नगरपालिका, नवलपरासी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बर्दघाट नगरपालिका, नवलपरासी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/387

श्री नगरप्रमुख ज्यू
बर्दघाट नगरपालिका पालिका
बर्दघाट कार्यपालिकाको कार्यालय, नवलपरासी।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/387

श्री नगरप्रमुखज्यू,

बर्दघाट नरपालिका, नगर कार्यपालिकाको कार्यालय,

रुपन्देही।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

**२.१** महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

**२.२** नगरपालिकाको रु.२ अर्ब २९ करोड ६३ लाख ४३ हजारको लेखापरीक्षण गरिएकोमा रु.५ करोड ४१ लाख ३ हजार (२.३५ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२२ लाख ६१ हजारको प्रतिक्रियाबाट फस्र्योट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.५ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ४९ लाख ३३ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.६३ लाख ३५ हजार रहेको छ। गत वर्षसम्मको रु.१६ करोड ३१ लाख २८ हजार बेरुजु मध्ये यस वर्ष रु.१ करोड १२ लाख ६० हजारको सम्परीक्षण भई बाँकि बेरुजु रु.१५ करोड १८ लाख ६८ हजार रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२० करोड ३७ लाख १० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

**२.३** नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७,

महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने बर्दघाट नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**३. अन्य बेहोरा**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बर्दघाट नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६५ | ५१ | ५,४१,०३,३८९ | १ | २१ | २२,६१,३३३ | ० | ६४ | ३० | ५,१८,४२,०५६ | ५,७३,७७० | ४,४९,३३,४४३ | ६३,३४,८४३ | ० | ० | ५,१२,६८,२८६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी बर्दघाट सुस्ता पश्चिम | १६,३१,२८,००० | ० | १,१२,६०,१३१ | १५,१८,६७,८६९ | ० | ५,१८,४२,०५६ | २०,३७,०९,९२५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ५५.७ | शिक्षा तर्फ | १८,०८३ |
| २ | २०८१/८२ | ४४ | विज्ञापन करकट्टा : | १,८२० |
| ३ | २०८१/८२ | ४८ | बील बिजक बिना भुक्तानी | ८,१०० |
| ४ | २०८१/८२ | ३७ | पोशाकमा सामाजिक सुरक्षा कर : | ४,२०० |
| ५ | २०८१/८२ | ६९ | पेश्की बाँकी | २१,१५,००० |
| ६ | २०८१/८२ | ४५ | नर्म्स भन्दा बढी भुक्तानी : | ३,५०० |
| ७ | २०८१/८२ | ४२ | दोहोरो भुक्तानी : | ७,६५० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८१/८२ | ५०.८ | उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा | २६,४७२ |
| ९ | २०८१/८२ | ५९ | आय ठेक्का सम्बन्धमा : | ७६,५०८ |
| १० | २०८१/८२ | १६ | अनुदान फिर्ता : | ० |
| जम्मा | | | | २२,६१,३३३ |
| **गत वर्ष सम्मको सम्परीक्षण** | | | | |
| ११ | २०८०/८१ | ७३ | शहिद स्मृति अस्पतालमा कार्यरत कर्मचारी | ५,९२,००० |
| १२ | २०८०/८१ | ७९ | पेश्की बाँकी | ७,००० |
| १३ | २०८०/८१ | ४१ | ननफाईलर | ७,६६,६५१ |
| १४ | २०८०/८१ | ५७ | डोर हाजिरीमा कर्मचारी | ९,०६,४८० |
| १५ | २०८०/८१ | ७८.२ | खर्चमा मितव्यिता कायम गर्नुपर्ने | ८९,८८,००० |
| जम्मा | | | | १,१२,६०,१३१ |
| कुल जम्मा | | | | १,३५,२१,४६४ |

# बर्दघाट नगरपालिका, नवलपरासी

# ( ८०५४७४०१३०० )

# बर्दघाट नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

## परिचय

१ **परिचय :**

**(क) कार्यालय परिचय :**- बर्दघाट नगरपालिका साबिक माकर र पञ्चनगर गा.वि.स लाई एकीकरण गरी नेपाल सरकारको मिति २०७१ साल वैशाख २५ गतेको निर्णयबाट गठन भएको थियो। राज्यको पुनर्संरचना सँगै साबिकका विभिन्न स्थानीय निकायहरूलाई पुनर्संरचना गरी स्थानीय सरकारको रूपमा रूपान्तरण गर्ने क्रममा छिमेकमा रहेका साबिकका दाउन्नेदेवी र जहदा गा.वि.सका साथै धुरकोट र जमुनिया गा.वि.स का दुई दुई ओटा वडाहरूलाई समावेश गरी नेपाल सरकारबाट मिति २०७३/११/२८ गतेका दिन विधायिका, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने लक्ष्यका साथ अधिकार सम्पन्न स्थानीय सरकारको रूपमा यस बर्दघाट नगरपालिकाको पुनर्संरचना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्य सहित यस संवैधानिक तथा कानुनी व्यवस्था अनुसार यस पालिकाको स्थापना भएको हो।

**(ख) लेखापरीक्षणको उद्देश्य :**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।१४ देखि २०८२।१०।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :**- पालिकाको आय-व्यय तर्फ रु.२ अर्ब २९ करोड ६३ लाख ४३ हजार ७ सय ८२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन्।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :**- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :**- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९३८२४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | छात्रवृत्तिको रकम दाखिला | ३२०० |
| २ | सामाजिक सुरक्षा भत्तामा लगत कट्टापछिको भुक्तानी असुली | ८५९८६ |
| ३ | बढी भुक्तानी | २१२५ |
| ४ | बढी भुक्तानी | २५१३ |

२ **एकोकृत आर्थिक विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

| प्राप्ति | | | | भुक्तानी | | | |
|---|---|---|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** | **जम्मा रकम** | **सि.नं.** | **विवरण** | **रकम** | **रकम** |
| **१** | **सुरु मौज्दात** | | **१५३८७०६४२.१९** | **१** | **चालु खर्च** | | **५३६२५२०८०** |
| | (क) संचित कोष | **१०५०३६८३०.८३** | | | (क) पालिका तर्फ | २५१८११०९२.९५ | |
| | (ख) धरौटी | २७१८२६१४.४१ | | | (ख) संघीय सशर्त | २८४४४०९८७.३६ | |
| | (ग) कार्यसञ्चालन कोष | ९००५८९९.७३ | | **२** | **पूँजीगत खर्च** | | **२८७०५९७९०** |
| | (घ) अन्य कोष | १२६४५२९७.२२ | | | (क) पालिका तर्फ | २४५४०८४१४.०० | |
| **२** | **यस वर्षको आय** | | **८१३०७६६९.६२** | | (ख) संघीय सशर्त | १३१६२३१९.०० | |
| | (क) आन्तरिक आय | ८१३०७६६९.६२* | | | (ग) संघीय विशेष | ० | |
| **३** | **वित्तीय हस्तान्तरण (संघ)** | | **६०८१२२०१२.६१** | | (घ) संघीय समपुरक | ११९२३५५७.०० | |
| | (क) समानीकरण अनुदान | १५५७१६७२०.०० | | | (ङ) प्रदेश सशर्त | ७७९५०५८.०० | |
| | (ख) राजस्व बाँडफाँट | १२८०४०४३७.४७ | | | (च) प्रदेश विशेष | १५०००००.०० | |
| | (ग) सशर्त अनुदान | ३०९४५१२२०.०० | | | (छ) प्रदेश समपुरक | ७२७०४४२.०० | |
| | (घ) समपुरक अनुदान | १२१५००००.०० | | **३** | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **३११८९४००६** |
| | (ङ) विशेष अनुदान | ० | | | (क) सामाजिक सुरक्षा | ३०९७२२००६.५० | |
| | (च) रोयल्टी | २७६३६३५.१४ | | | (ख) स्वाथ्यय क्षेत्र सुधार कार्यक्रम | २१७२०००.०० | |
| | (छ) अन्य | ० | | **४** | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | ६१९०००.०० | **६१९०००.००** |
| **४** | **वित्तीय हस्तान्तरण (प्रदेश)** | | **४४६७४०५१.४९** | **५** | **ऋण फिर्ता(साँवा)** | ० | **०** |
| | (क) समानीकरण अनुदान | १२०२००००.०० | | **६** | **ऋणको ब्याज भुक्तानी** | ० | **०** |
| | (ख) राजस्व बाँडफाँट | १४५६४०५१.४९ | | **७** | **धरौटी फिर्ता तथा सदर स्याहा** | ७०१३९९०.१४ | **७०१३९९०.१** |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (ग) सशर्त अनुदान | ८७१५०००.०० | | ८ | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | १३५४१३३५.१० | **१३५४१३३५.१** |
| | (घ) समपुरक अनुदान | ७८७५०००.०० | | ९ | **अन्य कोषबाट भएको खर्च** | ३९६८१२८.०० | **३९६८१२८.०** |
| | (ङ) विशेष अनुदान | १५००००००.०० | | १० | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | ० | **०** |
| | (च) रोयल्टी | ० | | ११ | **अन्य सहयोगमा सञ्चालित योजना** | ० | **०** |
| | (छ) अन्य | ० | | १२ | **अन्यखर्च भएमा** | ० | **०** |
| ५ | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **३११८९४००६.५०** | १२ | **अनुदान फिर्ता(संघ)** | | **१३५९१६०८.** |
| | (क) सामाजिक सुरक्षा | ३०९७२२००६.५० | | | (क) सशर्त अनुदान | ११८४०३६५.६४ | |
| | (ख) स्वाथ्यय क्षेत्र सुधार कार्यक्रम | २१७२०००.०० | | | (ख) विशेष अनुदान | ० | |
| ६ | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | ६१९०००.०० | **६१९०००.००** | | (ग) समपुरक अनुदान | २२६७४३.०० | |
| ७ | **ऋण/ वित्तीय व्यवस्था** | ० | **०** | १४ | **अनुदान फिर्ता(प्रदेश)** | | |
| ८ | **धरौटी आय** | १०२७७६७६.६५ | **१०२७७६७६.६५** | | (क) सशर्त अनुदान | ९१९९४२.०० | |
| ९ | **कार्यसञ्चालन कोष आय** | १६७८५८०६.९४ | **१६७८५८०६.९४** | | (ख) विशेष अनुदान | ० | |
| १० | **अन्य कोषको आय** | ३६०००००.०० | **३६०००००.००** | | (ग) समपुरक अनुदान | ६०४५५८.०० | |
| ११ | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | ० | **०** | १५ | **भुक्तानी बाँकी दायित्व** | १५५०३२.९४ | **१५५०३२.९४** |
| १२ | **अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | ० | **०** | १६ | **अन्तिम मौज्दात** | | **१०२०२४४८१** |
| १३ | **अन्य आय** | ३६४७१७३.०० | **३६४७१७३.००** | | (क) संचित | ४७०५०६३९.४४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **भएमा जन सहभागिता** | | | | कोषको मौज्दात | | |
| **१४** | **स्थानीय - राजस्व बाँडफाँड** | ४१३२१४१३.७८ | **४१३२१४१३.७८** | | (ख) धरौटी | ३०४४६३००.९२ | |
| | | | | | (ग) कार्यसञ्चालनकोष | १२२५०३७१.५७ | |
| | | | | | (घ) अन्यकोष | १२२७७१६९.२२ | |
| | **जम्मा** | **१२७६११९४५२.७८** | **१२७६११९४५२.७८** | | **जम्मा** | **१२७६११९४५२.७८** | **१२७६११९४५** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षण एवं विश्लेषण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले पछिल्लो पटक संशोधन सहितको मिति २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ:

३.१ **वित्तीय विवरणको यथार्थता :**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहले वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेश गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३०९७२२००६.५०, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.२१,७२,०००, अन्तरसरकारी अख्तियारी- प्रदेशको रु.६१९००० समेत गरी रु.३१,२५,१३,००६.५ एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत विवरणमा(म.ले.प.फा.नं २७०) सबै कारोबारहरू नसमेटिदा उक्त वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणाली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ। म.ले.प.फा.नं २७० अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **भुक्तानी बाँकी दायित्व :**पालिकाको सुत्र प्रणालीबाट तयार भएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं. २७०) अनुसार रू.१५५०३२.९४ कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी देखएकोले दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५५,०३२.९४ |

३.३ **फरक हिसाब:** पालिकाले सुत्र प्रणालीबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्तिमा रू.२८,१०,५७,२२८.३४, यस वर्षको भुक्तानी रू.३२,६२,५९,६४८.०८ र बैंक मौज्दातमा रू.६,११,००५.४४ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी(म.ले.प.फा.नं. २७०) पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति** | **यस वर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १५३८७०६४२.१९ | ७६५५२०१११.८६ | ८२३३११८७०.३१ | १०२६३५४८६.५९ |
| एकीकृतआर्थिक विवरणअनुसार | १५३८७०६४२.१९ | १०४६५७७३४०.२ | ११४९५७१५१८.३९ | १०२०२४४८१.१५ |
| **फरक** | **०** | **२८१०५७२२८.३४** | **३२६२५९६४८.०८** | **६११००५.४४** |

४ **बैक हिसाब मिलान:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण निम्नानुसार रहेको छ:

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८२ असार मसान्तको बाँकी | फरक रकम |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | ४७०५०६३९.४४ | ४७०६२३८८.१९ | ११७४८.७५ |
| २ | चालु खाता | ० | ० | ० |
| ३ | पूँजीगत खाता | ० | ० | ० |
| ४. | कार्यसञ्चालन कोष | १२२५०३७१.५७ | १२२५०३७१.५७ | ० |
| ५. | अन्य कोष खाता | १२२७७१६९.२२ | १२२७७१६९.२२ | ० |
| ६. | धरौटी खाता | ३०४४६३००.९२ | ३०४४६३००.९२ | ० |
| **जम्मा** | | **१०२०२४४८१.१५** | **१०२०३६२२९.९** | **११७४८.७५** |

उपरोक्त विवरण अनुसार सञ्चित कोषको रकम स्रेस्तामा भन्दा बैंक स्टेटमेण्टमा रु.११७४८.७५ फरक परेको हुँदा के कारणले फरक परेको हो सो एकिन गरी हिसाब मिलान गरिनु पर्दछ।

५ **आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली निर्माण गरेतापनि प्रभावकारी रुपमा कार्यान्यन गरेको पाइएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहाय बमोजिम रहेका छन्:

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिद गुरू योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० बमोजिम स्थानीय तहले एकीकृत वित्तीय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो बिकास लक्ष्य (२०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• इन्धन प्रयोग सम्बन्धमा पालिकाको जिन्सी खाता PAMS अध्यावधिक गरेको पाईएन,
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख सङ्कलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन,
• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,
• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धमा कुनै मापदण्ड बनाएको छैन। अभिलेख समेत राखेको पाइएन,
• लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागु गरेको पाइएन,
• दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता नराखेको तथा प्रतिवेदन दिने गरेको पाइएन,
• शीर्षक फरक पारी खर्च लेख्ने गरेको पाइयो,

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वियन गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ।

६ **नीति तथा कार्यक्रम सम्वन्धमाः**

पालिकाको १४ औं नगरसभाबाट स्वीकृत भएको नगरपालिकाको नीति तथा कार्यक्रम संचालन गर्ने एक आर्थिक वर्षको क्रियाकलापहरूलाई समेटि संङ्घीय, प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम सहित स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ र दफा ७१ वमोजिम पालिकले स्वीकृत गरेका २५५ वटा नीति तथा कार्यक्रमहरू मध्ये हरेक वडामा सार्वजनिक भवनहरूमा जेष्ठ नागरिकहरूका लागि नगर प्रमुख विश्राम घर, वालवालिकाहरूलाई कुलतबाट जोगाउन विद्यालय स्वास्थ्य

संस्था परिसर नजिक मादक पदार्थ,चुरोट तथा सुर्तिजन्य पदार्थको विक्री वितरणमा रोक, उत्पादन पकेट क्षेत्र, विकासका लागि तरकारी पकेट क्षेत्र, गहुँ वाली पकेट क्षेत्र माछा पकेट क्षेत्र, बाख्रा पालन पकेट क्षेत्रको विकासमा सहकारी र सामुदायिक माफर्त गरिने, जहाँ खेत त्यहाँ विद्युत कृषि विद्युतीकरण, नगरको आर्थिक विकासका लागि एक सहकारी एक उत्पादन, पूर्वाधार विकासका नयाँ योजनामा ५ (पाँच) लाख भन्दा कम बजेटका योजना छनौट नगर्ने, नगरपालिकाका सबै सरकारी साधनहरूमा जि.पि.एस. (GPS) जडान गरिने जस्ता क्रियाकलाप सञ्चालन गरिने भनिएता पनि त्यस्ता क्रियाकलाप सञ्चालन हुन सकेका छैनन्। नीति तथा कार्यक्रममा ५ लाख भन्दा कम बजेटका योजनाहरूमा वडा कार्यालयलाई छोड्ने भनेता पनि पालिका आफैले समेत ५ लाख भन्दा कमका योजनाहरूलाई समेत बजेट विनियोजन गरिएका छन्। तसर्थ नीति तथा कार्यक्रम र बजेटमा उल्लेख गरिएका क्रियाकलापहरू सञ्चालन गरिनु पर्दछ।

७ **नगरसभाबाट पारित योजना कार्यक्रम सम्बन्धमा :**

पालिकाको १४ औ नगरसभाबाट मिति २०८१।२।२७ मा पेश नगर सभाबाट स्वीकृत भएका वार्षिक नीति तथा कार्यक्रमहरूमा वडा नं. १ मा १४, लाख वडा नं. २ मा ४ लाख , वडा नं. ४ मा २ लाख, वडा नं. ५ मा ७ लाख, वडा नं. ६ मा ६ लाख , वडा नं. ११ मा ४ लाख, वडा नं. १२ मा ९ लाख ५० हजार वडा नं. १५ मा २० लाख २४ हजार योजनाहरूमा बजेट खर्च गरेको छ तर बजेट छुट्टाउँदा वडा भरिमा वाटो निर्माण तथा ग्रेडर लगाउने खाल्डा खुल्डी पुर्ने वाटो ग्रावेल गर्ने लगायतका भनि रकम विनियोजन गरी सोही अनुसार खर्च भएको छ। प्राविधिक बाट समेत सो काममा समेत चेनेज नखुलाई अथवा यहा देखि त्यहा सम्म नखुलाई लगत इस्टिमेट बनाई खर्च गरेको छ। यसले गर्दा कुन काम कहाँ भएको हो खुल्न सकेन यस्तो कार्य गर्दा ठाउं खुलाई कार्य सम्पादन गरिनु पर्दछ।

८ **आन्तरिक लेखापरीक्षण सम्बन्धमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको विचार गरी प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराएको छ। आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(८) मा लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नु पर्नेछ भन्ने व्यवस्थाको प्रभावकारी पालना गरिनुपर्दछ।

९ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नु/गराउनु पर्दछ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नु/गराउनु पर्दछ।

११ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र समयमै पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उप-प्रमुखले मिति २०८१।०३।०९ गते रू.९४,४३,८९,००० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ।

१२ **बजेट विनियोजन/खर्च:**

यस वर्ष पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ :

| रु.हजारमा | | | | | |
|---|---|---|---|---|---|
| विनियोजन | | | खर्च | | |
| कुल बजेट | चालु बजेट | पूँजीगत बजेट | कूल खर्च | चालु खर्च | पूँजीगत खर्च |
| ९४४३८९ | ५८९०८७ | ३५५३०२ | ८२३३१२ | ५३६२५२ | २८७०६० |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.९४ करोड ४३ लाख ८९ हजार बजेट विनियोजित भएको मध्ये चालु खर्च रु.५३ करोड ६२ लाख ५२ हजार र पूँजीगत खर्च रु.२८ करोड ७० लाख ६० हजार गरी कुल खर्च रु.८२ करोड ३३ लाख १२ हजार अर्थात कुल खर्चमा चालु ६५.१३ प्रतिशत र पूँजीगत तर्फ ३४.८७ प्रतिशत खर्च भएको छ। पूँजिगत तर्फ विनियोजन दक्षता र खर्च सक्षमता वृद्धि गर्नेतर्फ पालिकाको प्रयास हुनुपर्ने देखिन्छ।

१३ **खर्च विश्लेषण :**

पालिकामा यस वर्ष कूल आन्तरिक राजस्व वापत रू.८,१३,०७,६६९.६२, राजश्व वाँडफाँडबाट रू.१८,३९,२५,९०२.७४ र अन्य आय तर्फ रू.५४४५०२२३१.७३ समेत रू.८०,९७,३५,८०४.०९ आम्दानी भएकोमा चालु तर्फ रु.५३ करोड ६२ लाख ५२ हजार र पूँजीगत तर्फ रु.२८ करोड ७० लाख ६० हजार गरी कूल रु.८२ करोड ३३ लाख १२ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक स्रोतको अंश ९.८७ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी नियमित सुविधा, पदाधिकारी बैठक भत्ता, पदाधिकारी अन्य सुविधा तथा पदाधिकारी अन्य भत्ता तर्फ कुल रू.१ करोड ७५ लाख ६४ हजार खर्च भएको छ, जुन आन्तरिक आयको २१.६० प्रतिशत(पदाधिकारी सुविधामा) खर्च भएको छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१४ **क्षेत्रगत बजेट र खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समन्यायिक र दिगो विकासको क्षेत्रगत सन्तुलित रुपमा बजेट विनियोजन एवं खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाको क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ :

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशतजम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५६८५५००० | ४८२५३८०३ | ५.११ |
| २ | पूर्वाधार विकास | २४५११५२३२० | १९९३९३३५५ | २१.११ |
| ३ | सामाजिक विकास | ४५९३८०२८४ | ४०९८६६३९८ | ४३.४० |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३०६७००४० | २५५८७२७४ | २.७१ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १५२३३१३५६ | १४०२११०४० | १४.८५ |
| **जम्मा** | | ९४४३८९००० | ८२३३११८७० | ८७.१८ |

उपर्युक्त विवरण अनुसार पालिकाको सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४३.४० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी अर्थात २.७१ प्रतिशत खर्च गरेको छ भने वातावरण र विकास क्षेत्रमा बजेट विनियोजन नै गरिएको छैन। पालिकाले प्राथमिकताका सबै क्षेत्रमा सन्तुलित र समन्यायिक बजेट विनियोजन तथा खर्च व्यवस्थापन गर्नुपर्दछ।

१५ **त्रैमासिक पूँजीगत खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगती विवरण बनाउनु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ।

| (रु.हजारमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | | असार महिनाको मात्र खर्च |
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | सङ्घीय पूँजीगत | २५०८५ | ० | ० | ५९८९ | १९०९६ | ११११८९ |
| २ | प्रदेश पूँजीगत | ९२९५ | ० | ० | ९४६ | ८३४९ | ६६९८ |
| ३ | नगरपिलका पूँजीगत | २५२६८० | ८६०२ | ३७२६४ | ६७५३४ | १३९२८० | ७३६१८ |
| **कूल खर्च** | | **२८७०६०** | **८६०२** | **३७२६४** | **७४४६९** | **१६६७२४** | **९१५०५** |
| **खर्च प्रतिशत १००** | | | **३.००** | **१२.९८** | **२५.९४** | **५८.०८** | **३१.८८** |

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फ मात्र वार्षिक रू.२८ करोड ७० लाख ६० हजार निकासा/खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रू.८६ लाख २ हजार(३.०० प्रतिशत), दोस्रो त्रैमासिकमा रू.३ करोड ७२ लाख ६४ हजार(१२.९८ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.७ करोड ४४ लाख ६९ हजार(२५.९४ प्रतिशत) र चौथो त्रैमासिकमा रू.१६ करोड ६७ लाख २४ हजार(५८.०८ प्रतिशत) खर्च गरेको देखिएको छ। यसैगरी असार महिनामा मात्र रू.९ करोड १५ लाख ५ हजार(३१.८८ प्रतिशत) खर्च भएको देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिन्छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक खर्च सन्तुलित नहुनुले विनियोजन दक्षता तथा खर्च गर्ने सक्षमता कमजोर रहेको पुष्टी गर्दछ। विनियोजित बजेटको स्वीकृत कार्यक्रम अनुसार सन्तुलित रूपमा कार्यान्वयन गरिनु पर्दछ। वर्षान्तिमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलन हुने गरी कार्य गरिनु पर्दछ।

१६ **अनुदान फिर्ता :**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धी विवरण देहाय अनुसार छ :

| (रु.हजारमा) | | | | |
|---|---|---|---|---|
| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **फिर्ता रकम** |
| सङ्घीय सरकार | शसर्त अनुदान | ३२१२९१ | ३०९४५१ | ११८४० |
| | विषेश अनुदान | ० | ० | ० |
| | समपुरक अनुदान | १२३७७ | १२१५० | २२७ |
| **जम्मा** | | **३३३६६८** | **३२१६०१** | **१२०६७** |
| प्रदेश सरकार | शसर्त अनुदान | ९६३५ | ८७१५ | ९२० |
| | विषेश अनुदान | १५०० | १५०० | ० |
| | समपुरक अनुदान | ८४७९ | ७८७५ | ६०४ |
| **जम्मा** | | **१९६१४** | **१८०९०** | **१५२४** |
| **कुल जम्मा** | | **३५३२८२** | **३३९६९१** | **१३५९१** |

उपर्युक्त विवरण अनुसार सङ्घीय सरकारबाट रू.३३ करोड ३६ लाख ६८ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.३२ करोड १६ लाख १ हजार बजेट खर्च भई बाँकी रू.१ करोड २० लाख ६७ हजार मिति २०८२।३।२९ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ। त्यस्तै प्रदेश सरकारबाट रू.१ करोड ९६ लाख १४ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.१ करोड ८० लाख ९० हजार खर्च भई बाँकी रकम रू.१५ लाख २४ हजार मिति २०८२।३।२९ मा प्रदेश सञ्चित कोषमा फिर्ता भएको देखिन्छ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

१७ **वार्षिक खरिद योजना/गुरू योजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरू योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राही समुदाय समेतबाट रु.२८ करोड ७० लाख ६० हजार पुँजीगत खर्च/खरिद वा निर्माण कार्य गर्दा खरिद गुरु योजना बनाएको पाइएन।

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालन मा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

१९ **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्नेमा पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालिन विषयलाई भन्दा सालबसाली विषयलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासको लागि आवधिक योजनाको तर्जुमा गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

२० **योजना छनौट र कार्यान्वयन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यान्वियन गरेका योजनाहरू को विवरण देहाए बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | योजनासंख्या | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ७६ | ६२३२५४०.०० | ४९६२९९४.०० |
| २ | रू.१ लाख देखि रू.३ लाखसम्मका योजना | १७९ | ४०३१०४४०.०० | ३५४०१६५७.०० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाखसम्मका योजना | ११४ | ५०४९६८००.०० | ४३३३४७४७.०० |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाखसम्मका योजना | ८१ | ६४४७४९८०.०० | ५६८५५५६४.०० |
| ५ | रू.१० लाख देखि माथि रू.२० लाखसम्मका योजना | २७ | ४३३२१०००.०० | ३७८८०४५३.०० |
| ६ | रू.२० लाख भन्दा माथिका योजना | ३३ | १५०४६५७६०.०० | १०८६२४३७५.०० |
| **जम्मा** | | **५१०** | **३५५३०१५२०.००** | **२८७०५९७९०.००** |

उपर्युक्त विवरणअनुसार पालिकाले १ लाख भन्दा कमका योजना ७६, १ लाख देखि ३ लाखसम्मका १७९, ३ लाख देखि ५ लाखसम्मका ११४, ५ लाख देखि १० लाखसम्मका ८१, १० लाख देखि २० लाखसम्मका २७ र रु.२० लाख भन्दा माथिका ३३ गरी कुल जम्मा ५१० योजनामा बजेट विनियोजन गरेको देखिन्छ। यसरी साना र वितरणमुखी योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुन जाने हुनाले पालिकाले योजना बनाउदा बजेट तथा कार्यक्रमको प्राथमिकताको आधारमा योजना छनौट गरी पालिकाको बृहत्तर एवं योजनाबद्ध विकासमा योगदान पुग्ने, गरिबी निवारणमा प्रत्यक्ष योगदान रहने, जनताको जीवनस्तर र रोजगारी बढाउने, दिगो विकास, वातावरण संरक्षण, सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नु/गराउनु पर्दछ।

२१ **पूँजीगत खर्चको विस्तृत विवरण: यस पालिकाकोको यस वर्षको पूँजीगत खर्चको विवरण देहाय अनुसार रहेको छ :**

यस पालिकाकोको यस वर्षको पूँजीगत खर्चको विवरण देहाय अनुसार रहेको छ :

| क्र.सं. | उपशीर्षकको नाम | खर्च शीर्ष कनम्बर | खरिद विधि | संख्या | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | पूँजीगत तर्फ | विभिन्न | बोलपत्र | ५६ | १२९८८९ |
| २ | | | सिलबन्दी बोलपत्र | ७ | ८५३२ |
| ३ | | | उपभोक्ता | ४३७ | १३९९२३ |
| ४ | | | सोझै खरिद | १० | ८७१६ |
| **जम्मा** | | | | **५१०** | **२८७०६०** |

माथि उल्लेखित विवरण अनुसार खुला बोलपत्रको मध्यमबाट ५६ वटामा १२ करोड ९८ लाख ८९ हजार, सिलबन्दी दरभाउ पत्रबाट ७ वटामा ८५ लाख ३२ हजार, सोझै खरिदको माध्यमबाट १० वटामा रु ८ लाख १६ हजार र उपभोक्ताबाट ४३७ वटामा रु १३ करोड ९९ लाख २३ हजार गरी कुल रू.२८ करोड ७० लाख ६० हजारको खरिद गरेको छ।

२२ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन भने ठेक्का प्रक्रियाबाट कार्य गराइएकोमा ठेक्का बील पेश गरेको देखिन्छ। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२३ **ठेक्का बन्दोवस्ती :**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ:

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | **रु.हजारमा** |
| **कार्यक्रम/ शीर्षक** | **खरिद सम्झौता** | | | | | | | | **यस बर्ष सम्पन्न योजना** | |
| | **कुल जम्मा योजना** | | **प्रथम चौमासिक** | | **दोस्रो चौमासिक** | | **तेस्रो चौमासिक** | | | |
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| **बोलपत्रबाट** | ४३ | १२३९८४ | २ | ४१९४ | २३ | ७६९१५ | १८ | ४२८७५ | ३२ | ७६७०२ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले कुल ४३ योजनाको लागि रू.१२ करोड ३९ लाख ८४ हजार लागतको ठेक्का बन्दोवस्त गरेकोमा प्रथम रू.४१ लाख ९४ हजार ठेक्का व्यवस्थापन गरेको, दोश्रो चौमासिकमा रू.७ करोड ६९ लाख १५ हजार ठेक्का व्यवस्थापन गरेको र तेस्रो चौमासिकमा रू.४ करोड २८ लाख २५ हजार ठेक्का व्यवस्थापन भएको देखिन्छ। ठेक्का व्यवस्थापन मार्फत यस वर्ष ४३ वटा योजनाहरू रू.१२ करोड ३९ लाख ८४ हजारको सम्झौता भएकोमा रू.७ करोड ६७ लाख २ हजार खर्च भएको, आर्थिक वर्षको अन्त्यसम्ममा ३२ वटा योजनामात्र सम्पन्न भई ११ बाँकी देखिन्छ। बाँकी योजना समयमा नै सम्पन्न गर्ने गरी कार्य गरिनु पर्दछ।

२४ **निर्माण कार्य व्यवस्थापन :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(८) तथा सोही नियमावलीको नियम ९७ बमोजिम पालिकाले यस वर्षमा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ :

| | | | | |
|---|---|---|---|---|
| **रू.हजारमा** | | | | |
| **योजना संख्या** | **ठेक्का मार्फत** | | **उपभोक्ता समिति मार्फत** | |
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| ५१० | ४३ | १२३९८३ | ४३७ | १३९९२३ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ५१० योजना मध्ये ठेक्का मार्फत ४३ वटा योजनामा रु.१२ करोड ३९ लाख ८३ हजार भुक्तानी गरेको देखिन्छ भने उपभोक्ता समिति मार्फत ४३७ योजनामा रु.१३ करोड ९९ लाख २३ हजार, सिलबन्दी दरभाउ पत्रबाट ७ वटामा ८५ लाख ३२ हजार, सोझै खरिदको माध्यमबाट १० वटामा रु०८ लाख १६ हजार खर्च गरेको देखिन्छ। त्यस्तै पालिकाले यस वर्ष संचालित योजनाहरुमा सडक पिच ४.०३ किलोमिटर, सडक ग्रावेल ३२.०३ किलो मिटर र नयाँ ट्र्याक १०.३० किलोमिटर कार्य गरेकोमा पालिकाबाट निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका विषयहरू समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नु/गराउनु पर्दछ।

२५ **ठेक्का प्रतिस्पर्धा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छन। यस्ता योजना लागत अनुमान भन्दा ०.५८ देखि ३८.२१ प्रतिशतसम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको छ। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा कार्य गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

| क्र. सं. | ठेक्का नं | योजनको नाम र योजना स्थल | प्रतिस्प्रधि गर्ने संख्या | लागत अनुमान भ्याट सहित | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको वोलपत्रदाता |
|---|---|---|---|---|---|---|---|
| १ | ३/०८१/०८2 | दिव्यज्योती क्याम्पसमा पूर्वाधार निर्माण | ५ | २३७४८३७ | १६३८५४४ | ३१.०० | अतिक कन्स्ट्रक्सन प्रा.लि सिमरा -२ बारा |
| २ | ४/०८१/०८2 | वडा नं १५ को कार्यालय भवन निर्माण | ५ | ४५४९११६ | ३३४६७७२ | २६.४३ | जेसीका निर्माण सेवा सरावल -१ नवलपरासी |
| ३ | ५/०८१/०८2 | वुद्दमंगलताल देखि लगुनाहा ह्याचरी जोड्ने बाटो कालोपत्रे वडा नं ३ | ४ | १०२३७४८६ | ७१८८६६५ | २९.७८ | सुसान कन्स्ट्रक्सन प्रा.लि बर्दघाट-१३ नवलपरासी |
| ४ | ७/०८१/०८2 | वडा नं ३ को कार्यालय भवन निर्माण | ८ | ९४२१२१६ | ६६६१५९२ | २९.२९ | मनोहर कन्स्ट्रक्सन वर्दघाट-१२ नवलपरासी |
| ५ | ८/०८१/०८2 | वडा नं १२ को कार्यालय भवन निर्माण | ९ | ८७८४०८५ | ६१२६००१ | ३०.२६ | बनदेवी निर्माण सेवा, बर्दघाट-१२ नवलपरासी |
| ६ | ९/०८१/०८2 | वडा कार्यालय, आधारभूत स्वास्थ्य केन्द्र समेत रहेको सार्वजनिक जमिन संरक्षणको लागि कम्पाउण्डवाल निर्माण वडा नं ८ -सि.नं८९९ प्रदेश सशर्त र सि.नं २१९ समानीकरण अनुदान | ५ | ४३८९७३८ | २९९८८३५ | ३१.६९ | तेजभक्त निर्माण सेवा प्रा.लि.मध्यपुर ठिमी-१ भक्तपुर |
| ७ | १०/०८१/०८2 | घेगदव्वा ८ हुँदै सरावल वडा नं ३ जोड्ने बाटो कालोपत्रे सडक निर्माण र भानु नगरबाट विजयपुर वाटो कालोपत्रे प्रदेश समपुरक सि.नं १५६ | ५ | १०२३७१९० | ६३२४९३४ | ३८.२२ | आर.वि कन्स्ट्रक्सन रामग्राम-१२ नवलपरासी |
| ८ | ११/०८१/०८2 | जहदा खानेपानी तथा सरसफाइ संस्था जहदा १३ धनेवा सभाहल निर्माण १५० देखि २०० क्षमता भएको सभाहल तथा इन्टरलक व्लक सि.नं ८९८ प्रदेश सशर्त | ७ | ४८७०५०७ | ३६७७६१८ | २४.४९ | सुद्रभ डीजाइन एण्ड कन्स्ट्रक्सन प्रतापुर -९ नवलपरासी |
| ९ | १२/०८१/०८2 | वडा नं २ ३ र ४ जोड्ने बकुल्ला खोला कल्भर्ट निर्माण सि.नं १८९ | ४ | १४६९८५४ | ११८८४५० | १९.१५ | विराज कन्स्ट्रक्सन सरावल -१ नवलपरासी |
| १० | १३/०८१/०८2 | दुर्गा आधारभूत विद्यालय अधुरो भवन निर्माण वडा नं | ५ | १४६९९६३ | ११८०३४९ | १९.७० | शिवशक्ति रियल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १३ सि.नं ७२४ | | | | | स्टेड एण्ड शौरभ कन्स्ट्रक्सन प्रा.लि. |
| ११ | १४/०८१/०८2 | वडा नं १४ को पवित्रवस्तीमा कालोपत्रे सडक निर्माण सि.नं ५५१ र सि.नं १९७ | ३ | ४८९९९१३ | ३३५८४६४ | ३१.४६ | नम्सु निर्माण सेवा बर्दघाट-१ नवलपरासी |
| १२ | १५/०८१/०८2 | वडा नं १६ को कार्यालय भवन निर्माण | ५ | ३४५११७५ | २४३०३५४ | २९.५८ | जेसीका निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.सरावल -१ नवलपरासी |
| १३ | १६/०८१/०८2 | नवलपरासी -पश्चिम_जिल्ला बर्दघाट-५ शान्ति निकुञ्ज रेवती गौमाता गौतम मा.वि.क्षेत्रमा पूर्वाधार निर्माण संघिय शसर्त सि.नं ८९५ | ९ | ४८५९९३९ | ३४४०२७२ | २९.२१ | रामग्राम कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी रामग्राम-५ परासी |
| १४ | १७/०८१/०८2 | कालोपत्रे सडक मर्मत वडा नं १, ३, ४, ५, ६, ७, ८, १२, १३ १४ १६ सि.नं १८० र २३६ को १० लाख- शिवमन्दिर देखि गाँउ जाने बाटो मर्मत समेत_ | १ | ६८५९९४५ | ६७९७०८५ | ०.९२ | मानुसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.बर्दघाट-९ नवलपरासी |
| १५ | १८/०८१/०८2 | धर्म श्रेष्ठको घर पूर्वको बाटो केमु थापाको घर पश्चिम र लाल हादुर वि.कको घर पश्चिमको वाटो कालोपत्रे वडा नं ८ सि.नं १६३ -१० लाख, अल्हावल गाँउको बाटो कालोपत्रे वडा नं -१० सि.नं ४४१ १३ लाख, र व्लक नं १ मनोजको घर अगाडीको अधुरो बाटो स्तरिकरण वडा नं २ सि.नं १७५ ६ लाख २ हजार | २ | २८४३९४७ | २२९६४२९ | १९.२५ | जेसीका निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.सरावल -१ नवलपरासी |
| १६ | १९/०८१/०८2 | वडा कार्यालय र आनन्द आधारभूत विद्यालय सम्मको अधुरो बाटो स्तरीकरण वडा नं १५ सि.नं १८८ | ४ | ११५८८४८ | ८१००३३ | ३०.१० | मेटीटो कन्सल्टयान्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि बर्दघाट -२ नवलपरासी |
| १७ | २०/०८१/०८2 | खेलकुद मैदान प्याराफिट सहित वाल वाउण्डरी गर्ने कार्य वडा नं १५ सि.नं २१२ | २ | २४४९९९२ | २२१९१५७ | ९.४२ | एम भण्डारी कन्स्ट्रक्सन एण्ड रियल स्टेड प्रा.लि.बर्दघाट १४ |
| १८ | २१/०८१/०८2 | लोकमार्ग संग जोडीएका भित्री सडक कालोपत्रे वडा नं ९ १० ११ २ र ४ सि.नं १८६ | १ | २९३९९३२ | २६००६१८ | ११.५४ | मानुसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.बर्दघाट-९ नवलपरासी 9869585871 |
| १९ | २२/०८१/०८2 | शिवनगर जाने खहरे खोलामा कल्भर्ट निर्माण वडा नं ४ | २ | २९९८७५४ | २५३८९०८ | १५.३३ | मेटीटो |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सि.नं १९३ र देवीनगर बाटो कालोपत्रे वडा नं ४ सि.नं १६१ | | | | | कन्सल्ट्यान्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि तिलोत्तमा -२ रुपन्देही |
| २० | २३/०८१/०८२ | राधा कृष्ण मन्दिर देखि पश्चिम दक्षिण बाढीपिडीत जाने बाटो, आदर्शनगर नाला तथा बाटो स्तरिकरण वडा नं ४ सि.नं ९०० को ३५ लाख र | ४ | ४१७८९५५ | ३०१३०५५ | २७.९० | शिवशक्ति रियल स्टेड एण्ड शौरभ कन्स्ट्रक्सन प्रा.लि.वर्दघाट-४ |
| २१ | २४/०८१/०८२ | आनन्दनगर टोलमा बाटो स्तरीकरण तथा नमुना पार्किङ्ग निर्माण वर्दघाट-४ सि.नं २२९ | ३ | २४४९९८३ | २३०६०५४ | ५.८७ | बनदेवी निर्माण सेवा, बर्दघाट-१२ नवलपरासी |
| २२ | २6/०८१/०८२ | सुनटाँडी देखि विजयपुर जाने सडक वडा नं ९ र ११ र सूर्यनगर चोकदेखि धर्मबस्ती सडक वडा नं १६ | १ | १९३९५३१ | १९१०९६५ | १.४७ | नम्सु निर्माण सेवा बर्दघाट-१ नवलपरासी |
| २३ | २९/०८१/०८२ | धारापनी प्रा.वि. विद्यालय भवन निर्माण बर्दघाट -२ पटुके | १ | २७४३६८७ | २६९६१९५ | १.७३ | सिरकोट कालिका विल्डर्स एण्ड सप्लायर्स |
| २४ | ३०/०८१/०८२ | कञ्चनगढी पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण वर्दघाट-५ | ३ | १०१९७९४३ | ८७२७३२७ | १४.४२ | पोखरेल निर्माण सेवा बर्दघाट-१५ |
| २५ | ३१/०८१/०८२ | कालोपत्रे सडक मर्मत जमुनाबोट देखि वडा कार्यालय हुँदै खानेपानी टँकी जाने बाटो वडा नं २ सडक र अमरदिप टोल लोकमार्ग देखि उत्तर तर्फ जाने बाटो कालोपत्रे सडक मर्मत वडा नं १० सडक वार्ड तर्फ | ६ | ९८९५६०६ | ७४८१६६८ | २४.३९ | मानुसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि बर्दघाट -९ नवलपरासी |
| २६ | ३२/०८१/०८२ | खुला जिम निर्माण वडा नं ९ र १४ सि.नं २२४ | २ | ५८७१२५ | ४९२२३७ | १६.१६ | शुभ निर्माण सेवा सुनवल-४ नवलपरासी |
| २७ | ३३/०८१/०८२ | वडा कार्यालयमा कम्पाउण्ड वाल निर्माण वडा नं ४ | ७ | १८८१६३४ | १४००९५५ | २५.५५ | डी.वाई.आर कन्स्ट्रक्सन प्रा.लि. बनगाड-१ सल्यान |
| २८ | ३४/०८१/०८२ | वडा कार्यालय निर्माण वडा नं ९ | ३ | ७०४०५३७ | ५३८७५२८ | २३.४८ | एम.डी खान कन्स्ट्रक्सन प्रा.लि |
| २९ | ३५/०८१/०८२ | पाडाबजार मर्मत सम्भार बर्दघाट -१३ सि.नं २२७ | ३ | १०७७९५८ | ७७८७७३ | २७.७५ | किरण निर्माण सेवा वर्दघाट-१३ |
| ३० | ३६/०८१/०८२ | रेशुङ्गा पार्टी प्यालेस पछाडी नाला तथा बाटो ग्राभेल | ४ | १४६९९८३ | ११०६४५७ | २४.७३ | मानुसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | बर्दघाट-९ नवलपरासी |
| ३१ | ३७/०८१/०८२ | वुद्धमंगल ताल पर्यटकीय सँरचना निर्माण वर्दघाट-१२ | २ | ११७५४६१ | ११२७६५९ | ४.०७ | नम्सु निर्माण सेवा बर्दघाट-१ नवलपरासी |
| ३२ | ३८/०८१/०८२ | वडा कार्यालय जाने बाटो स्तरोन्नती वडा नं १३, वडा नं ५ विद्युत पूर्वटोल | २ | २२७८४९२ | १८५३१८१ | १८.६७ | सुशान कन्स्ट्रक्सन प्रा.लि.बर्दघाट -१३ |
| ३३ | ३९/०८१/०८२ | उपहारनगर नाला तथा बाटो स्तरीकरण,उपहारनगरबाट चिसापानी जाने बाटोको अधुरो कल्भर्टमा वाल निर्माण वडा नं ४ | २ | ११७५८५८ | ११४६९३९ | २.४६ | बर्दघाट कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| ३४ | ४१/०८१/०८२ | चिसापानी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई जेनेटर खरिद | ३ | १६७६३३२ | १३९९२२० | १६.५३ | यूनिभर्सल कन्स्ट्रक्सन इक्यूपमेन्ट ट्रेडिङ्ग प्रा.लि. ग्वार्को ललितपुर |
| ३५ | ४२/०८१/०८२ | मिलनचोक देखि पश्चिम सन्ताउन्न सडक कालोपत्रे निर्माण | १ | ७०००३३ | ६९५९७४ | ०.५८ | सुशान कन्स्ट्रक्सन प्रा.लि. बर्दघाट-१३ |
| ३६ | 43/०८१/०८२ | शान्तिनगरटोलमा खुम खत्रीको घरदेखि पश्चिम होम डेरी | ३ | २४१७०६६ | २०११२८५ | १६.७९ | मनोहर कन्स्ट्रक्सन वर्दघाट-१२ नवलपरासी |

यसरी लागत अनुमानको तुलनामा ०.५८ देखि ३८.२२ प्रतिशतसम्म घटी कबोल गर्दा कामको गुणस्तर र दिगोपनामा समेत ध्यान दिनुपर्दछ।

२६ **गुणस्तर व्यवस्थापन :**

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वस्ता योजना पेश गर्नु पर्नेमा गरेको पाइएन। कार्यालयमा सिमेण्ट, गिट्टी, वालुवा परीक्षण गर्ने मेशिनहरु नरहेको पाइयो। ल्यावमा दरवन्दी रहेको देखिएन। निजीक्षेत्रका ल्यावहरुमा गुणस्तर परीक्षण गर्दा सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन। निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन। सडकको फिल्ड डेन्सिटि टेष्ट, सव वेश/वेशमा प्रयोग गरिएका सामाग्रीहरुको स्पेसिफिकेसनमा तोकिएको संस्थामा गुणस्तर परीक्षण गराएको पाइएन। गुणस्तर व्यवस्थापनमा कार्यालयको कमजोर प्राथमिकताका कारण निर्मित संरचनाहरुको गुणस्तरीयतामा विश्वस्त हुने आधार छैन।

२७ **शित भण्डार सम्बन्धमा:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले बीस लाख रुपैँयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले वडा नं.४ मा शित भण्डार निर्माण कार्यका लागि वनदेवी निर्माण सेवासँग मिति २०८१/३/२० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८१/२/२८ मा सम्झौता भई निजलाई मिति २०८१/६/३० सम्म म्याद थप गरी निजलाई भौ.नं.२१५ मिति २०८१/११/४ बाट रु. १८,३६,५१० भुक्तानी भएको छ। उक्त शीत भण्डार कार्यान्वयनमा आएको पाइएन। भौतिक संरचाना निर्माण गर्दै जाने तर त्यसको उपयोग नहुँदा त्यसको ह्रास कट्टि हुँदै जाने हुनाले सो भौतिक संरचना उपयोगको सम्बन्धमा पालिकाले उपयुक्त तरिका अबलम्बन गर्नुपर्दछ।

२८ **कानुन निर्माण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरू ले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | नीति | - |
| २. | ऐन | ४४ |
| ३. | नियमावली | ४ |
| ४. | कार्यविधि तथा निर्देशिका | ६७ |
| | **जम्मा** | **११५** |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका ४४ ऐन, ४ नियमावली, ६७ कार्यविधि तथा निर्देशिका गरी जम्मा ११५ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ। सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधि पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

## २९ **सहकारी:**

### २९.१ **सहकारी नियमन सम्बन्धमा:**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरू को सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका अन्तरग रहेका सहकारी संख्या २३, प्रदेश सरकारको नियमन अन्तरगत रहेका १६ र सङ्घीय सरकारको नियमन अन्तरगत रहेका ४ गरी ४३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको छ। सहकारी सदस्यहरूको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरूपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरूप त्यस्ता संस्थाहरूको नियमित अनुगमन गरिनु पर्दछ। पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ:

| **(क)स्थानीय तह अन्तरगत रहेका सहकारी** | | | | | | |
|---|---|---|---|---|---|---|
| **सहकारी संस्थाको किसिम** | **सहकारी संख्या** | **शेयर सदस्य संख्या** | **शेयर पुँजी** | **बचत** | **ऋण लगानी** | **जगेडा कोष** |
| बचत तथा ऋण | १० | ६६१३ | ६३८६९३३४ | ४२०९११३८४ | ४४६०१२०६२ | १९३६७८९९.२८ |
| कृषि | ५ | १५५७ | ९६८५८१०.०० | ३२२४५४५०.०० | ४१६६९१५७.०० | ३०२५३९१.०१ |
| बहुउद्धेश्यीय | ७ | ५६८९ | ८१५४१७९३.०० | ४२२८२७१४६.०० | ४८०१९३६६४.०० | २५८८३०५४.०७ |
| संचार | १ | १६३ | ४६८८५०० | ० | ० | ० |
| **जम्मा** | **२३** | **१४०२२** | **१५९७८५४३७** | **८७५९८३९८०** | **९६७८७४८८३** | **४८२७६३४४.३६** |
| **(ख) लुम्बिनी प्रदेशसरकारको नियमन अन्तरगत रहेका सहकारी** | | | | | | |
| बचत तथा ऋण | ५ | २८९१४ | ४३६१४१०० | ४५५८६६२५६ | १७२०६०२८०२ | |
| कृषि | ६ | ८०८९ | ७१८२२४०० | ६७२८७१२९३ | १०३३६९७३४९ | |
| बहुउद्धेश्यीय | ५ | ७७०१ | ३३०१३४०० | २३१९७८५३४ | ५५९२७६१०४ | |
| **जम्मा** | **१६** | **४४७०४** | **१४८४४९९००** | **१३६०७१६०८३** | **३३१३५७६२५५** | |
| **(ग) संघीय सरकारकोनियमन अन्तरगत रहेका सहकारी** | | | | | | |
| बचत तथा ऋण | ४ | ६८७१ | ४६२३७३०० | ३२५४१७८६८ | ३०६१९७२३७ | |

२९.२ **सहकारी संस्थाको अनुगमन :**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरी अनुगमनबाट दिएका सुझावका केही उदाहरण निम्नानुसार रहेका छन्:

| **पालिकामा दर्ता भएका सहकारी संख्या** | **अनुगमन गरेका सहकारी संस्थाको संख्या** | **अनुगमनबाट देखिएका प्रमुख व्यहोरा** | **अनुगमन प्रतिवेदन उपर गरेका कारवाही** |
|---|---|---|---|
| २३ | १३ | · संरक्षित पूँजी फिर्ता कोषबाट कर्जा लगानीमा ६० प्रतिशत र बचतमा ४० प्रतिशत गरी रकम वितरण गर्नुपर्नेमा नगरेको,<br>· बार्षिक साधारण सभा सम्पन्न भएको १५ दिन भित्र लेखापरिक्षण प्रतिवेदन पेश गर्नुपर्ने नियमको पालना नभएको,<br>· संस्थाका संचालक समानान्तर सहकारी संस्थाको सदस्यता लिई शेयर, बचत र ऋणको कारोवार गरेको देखिएको | · संरक्षित पूँजी फिर्ता कोषबाट कर्जा लगानीमा ६० प्रतिशत र बचतमा ४० प्रतिशत बचत तथा ऋणको कारोबार गर्ने सदस्यले पाउने गरी संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण गर्नका लागि सहकारी संस्थालाई निर्देशन दिईएको,<br>· लेखापरीक्षण प्रतिवेदन समयभित्र पेश गर्नका लागि निर्देशन दिईएको,<br>· आ.व. २०८०/८१ को लेखा परीक्षण प्रतिवेदनका मुल कैफियत तथा सुझावहरूलाई पुर्ण रुपमा पालना गर्नका लागि निर्देशन दिईएको,<br>· एकै प्रकृतिको एक भन्दा बढि सहकारी संस्थामा सदस्यता लिई शेयर, बचत तथा ऋणको कारोवार नगर्न र एक मात्र संस्थामा रही शेयर, बचत र ऋणको कारोबार गर्नको लागि निर्देशन दिईएको,<br>· सम्पती शुद्धिकरण निवारण सम्वन्धि विवरण कोपोमिस प्रणालीमा प्रविष्टि गरेको नपाईएको हुँदा कार्यान्वयन अधिकारीको नाम सहितको विवरण पेश गर्नको लागि निर्देशन दिईएको,<br>· ऋण तथा बचतको व्याजदर परिवर्तन भएको सूचना संस्थाको सूचना पाटिमा राख्ने गरेता पनि आगामी दिनमा सामाजिक सञ्चाल लगायतका संचार माध्यमहरू प्रयोग गरी सदस्यहरूलाई व्याजदर परिवर्तन भएको विषयमा जानकारी गराई संस्थामा सुशासन र पारदर्शिता कायम गर्नका लागि निर्देशन दिइएको। |

३० **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फस्र्यौट/कारवाही भएका विवाद | फस्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ४४ | ११० | १५४ | १३५ | १९ |

उपरोक्त विवरण अनुसार गत वर्षबाट सरेका ४४ विवाद, यस वर्ष दर्ता भएका ११० वटा विवाद गरी १५४ जम्मा विवाद मध्ये १३५ विवाद उपर फस्र्यौट/कारवाही भई १९ विवाद बाँकी रहेको विवरण पालिकाले उपलब्ध गराएको छ। पालिकाले यस वर्ष स्थानीय न्याय सम्पादनको क्रममा न्यायिक समिति बैठक व्यवस्थापन खर्च, मेलमिलापकर्ता व्यवस्थापन खर्च, मेलमिलापकर्ता बैठक खर्च, मेलमिलापकर्ता तालिम तथा अन्य खर्च गरी रु.११,२४,५४३ खर्च गरेको छ। ऐनले तोके अनुसारको समयमा नै विवादको फछ्र्यौट गर्नुपर्दछ।

३१ **सेवा प्रवाहको स्थिति:**

पालिकाबाट प्राप्त विवरण भएका सेवा निम्न बमोजिम रहेका छन् :

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | १०८१ |
| मृत्यु दर्ता | ४८७ |
| बसाईसराई दर्ता आएको | ४१५ |
| बसाईसराई दर्ता गएको | १७९ |
| विवाह दर्ता | ६०४ |
| सम्बन्ध विच्छेद दर्ता | १०९ |
| **जम्मा** | २८७५ |

पालिकाबाट प्राप्त विववरण अनुसार यस वर्ष जन्मदर्ता १०८१, मृत्यु दर्ता ४८७, सम्बन्ध बिच्छेद दर्ता १०९, बसाई सरी आएको दर्ता ४१५, बसाई सरी गएको दर्ता १७९ विवाह दर्ता ६०४ गरी २८७५ जनालाई पञ्जीकरण सेवा प्रवाह गरेको छ भने भुमिहीन दलित ८८३, भुमिहीन सुकुम्बासी १५४८, अव्यवस्थित बसोबास ५०४० गरी ७४७१ को लगत सङ्कलन गरेको छ। अत: पालिकाले प्राप्त गरेको यस निवेदनहरूको सम्बन्धमा आवश्यक ऐन, कानून नीति कार्यविधि अन्तर्गत रही कार्य सम्पादन गरिनुपर्दछ।

३२ **चिसापानी अस्तताल तथा बर्दघाट प्रज्ञा प्रतिष्ठान सम्बन्धमाः**

चिसापानी अस्पतालमा प्रशासनिक खर्चको लागि भौ.नं.१५,मिति २०८१।६।२१ रु३७५०००, भौ नं ८७ मिति २०८१।१०।२५ रु ११२५०००, र रु१५००००० र भौ नं ३४१।२०८१।१२।१५ बाट रु १०००००० गरी रु २५००००० पालिकाबाट खर्च भएको छ। त्यस्तै बर्दघाट प्रज्ञा प्रतिष्ठानलाई चार किस्तामा रु १७७०००० निकासा दिएको छ। सो रकम प्रतिष्ठानले धर्म, संस्कृति कला, साहित्यको खोज अनुसन्धान तथा जगेर्नामा खर्च गर्ने गरी निकासा दिएकोमा छ। उक्त संस्थाहरूले पालिकामा मासिक रुपमा खर्चको फाँटवारी पेश गर्नुपर्दछ।

३३ **मकै पकेट कार्यक्रम :**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम परियोजना कार्यान्वयन म्यानुअल २०७७ को सि.न. ४.१.३ मा पकेट कार्यक्रम संचालन गर्न चाहने कृषक /उद्यमी /समहु समितिले भौगोलिक तथा प्राविधिक सम्भाव्यताको आधारमा सम्वन्धित स्थानीय तहमा निवेदन दिइ प्राविधिक समितिले दिएको प्रतिवेदनको आधारमा पकेट क्षेत्र निर्धारण गर्न सकिने र यसरी पकेट क्षेत्र निर्धारण गर्दा तराइमा २० हेक्टर जमिन हुनुपर्ने, पचास प्रतिशतमा कृषक र पचास प्रतिशत कार्यलयको व्यहोर्ने गरी सुनगाभा कृषक मुल समिति संग मिति २०८१।१०।२३ मा सम्झौता गरी २३०३४००। लागत अनुमान तयार गरी सो को पचास प्रतिशतले हुने रकम भौ न ३९२ मिति २०८२।२।२ मा रु १०८३५१० उक्त समुहको नाममा निकासा दिएको छ। सम्झौतामा कृषक हरूको लालपुर्जा पेश गरेकोमा लालपुर्जाका आधारमा कति क्षेत्रफल जमीन पकेट कार्यक्रमको लागि हो सो नखुलाई लालपुर्जामा भएको क्षेत्रफलका आधारमा पकेट क्षेत्र कायम गरी भुक्तानी दिएको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,८३,५१० |

३४ **कृषि पशु अनुदान :**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम सङ्घका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस आ.व. २०८१/०८२ पालिकामा लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी बिकास तर्फ यस वर्ष पालिकाबाट ३१४९ कृषक, कषक समुह, कृषि फर्म र जल उपभोक्ता समितिलाई रू. १ करोड ६३ लाख ४९ हजार अनुदान उपलब्ध गराएको छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनीकरण गर्नु/गराउनु पर्दछ।

| रु हजारमा | | | | |
|---|---|---|---|---|
| क्र.स. | कार्यक्रमको नाम | अनुदानको किसिम | लाभान्वित | लाभान्वित संख्या |
| १ | खाद्यान्नबालीप्रवर्द्धनकार्यक्रम(५०प्रतिशतअनुदान) | ५०प्रतिशत | नगरभित्रकासम्पुर्णकृषक | गहुँकोविउवितरणमा११००कृषक, मकैकोविउवितरणमा४४५कृषकरजिकंवितरणमा६०० |
| २ | व्यवसायिक च्याउ कृषकलाई बीउ तथा प्लाष्टिक वितरण कार्यक्रम (५० प्रतिशत अनुदान) | ५०प्रतिशत | व्यवसायिक रुपमा च्याउ उत्पादन कृषि फर्म र कृषक समुह। | २१ वटा व्यवसायिक च्याउ उत्पादन कृषि फर्म र समुह |
| ३ | पकेट विकास कार्यक्रम (आलु, मकै, तरकारी, तोरी) | ५०प्रतिशत | श्री बिन्दबसनी कृषक समुह वडा-१५ र श्री नवदुर्गा कृषक मुल समुह वडा-१३ | १४० कृषक आलु पकेट र ३५० वटा कृषक मकै तथ जना कृषि औजार उपकरण |
| ४ | कृषि यान्त्रीकरण कार्यक्रम (साना कृषि औजार उपकरण) | ५०प्रतिशत र शत प्रतिशत | कृषक | ३० जना कृषक र १६ वटा वडा कार्यालय मार्फत व कृषकहरू |
| ५ | टनेल प्लास्टिक वितरण कार्यक्रम (७५ % अनुदान ) | ७५प्रतिशत | व्यवसायिक कृषक तथा कृषि फर्म | १७ वटा व्यवसायिक कृषक तथा कृषि फर्म |
| ६ | ७५ प्रतिशत अनुदानमा थोपा सिचाई कार्यक्रम | ७५प्रतिशत | व्यवसायिक कृषि फर्म | २ वटा कृषि फर्म |
| ७ | तरकारी विकास कार्यक्रम | स्यालो ट्युबवेल निर्मण ७० प्रतिशत र अन्य क्रियाकलाप ५० प्रतिशत अनुदानमा | कृषक समुह, कृषि फर्म, | ९ |
| ८ | साना सिंचाई निर्माण, मर्मत तथा सिंचाई कुलो मर्मत | स्यालो ट्युबवेल निर्मण ७० प्रतिशत र सिँचाई कुलो मर्मत ९० प्रतिशत अनुदानमा | कृषक समुह, जल उपभोक्ता समिति, कृषि फर्म र कृषक। | १० वटा कृषि फर्म,५ वटा कृषक समुह, ४ वटा उपभोक्ता समिति, र ५ जना कृषक। |
| ९ | डिप बोरिङ्ग पाईप लाइन विस्तार तथा मर्मत | ९० प्रतिशत | नगर भित्र रहेका डिप बोरिङ्ग उपभोक्ता समिति। | १७ वटा डिप बोरिङ्ग उपभोक्ता समिति |
| १० | फाटक बाध सिँचाई कार्यक्रम | ९० | वडा न ८ र ९ का | ३०० कृषक घर परिवार |

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिशत | कृषक | |
| **जम्मा** | | | | |

३५ **कृषि सामाग्री खरिद सम्बन्धमा**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम (८५) १ सार्वजनिक निकायले १० लाख भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान सोझौ खरिद गर्न सकिने व्यवस्था अनुसार पालिकाले यस वर्ष निम्नानुसारका कृषि सामाग्रीहरू खरिद गरी तोकिएको प्रतिशतका आधारमा सम्वन्धित सामान उपलब्ध गराएको पाइयो। यस वर्ष कोटेशन विधिबाट खरिद रु.२१२२३९७ को गरेकोमा पालिकाबाट रु. १४२७२९७ भुक्तानी भएको छ भने कृषकहरूको लागत सहभागिता रु.६९५१०० रहेको छ।

| क्र.स | सामाग्रीको नाम | स्पेशिफिकेशन | संख्या | मुल्य | अनुदान प्रतिशत | जम्मा रकम | पालिका मार्फतको रकम | कृषकहरूको लागत साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | टनेल प्लास्टिक | तरकारी टनेल प्लाष्टिक(९० जि.एस.एम) र च्याउ टनेल प्लाष्टिक(५०० गेज ) | ४४ वटा, ४२० के.जी | रु ५६०० प्रति थान ,रु ३०० प्रति के.जी. | ७५ प्रतिशत | ३,७२,३९७ | २,७९,२९७ | ९३,१०० |
| २ | साना कृषि औजार उपकरण | २ इन १ इलेक्ट्री स्पेयर, मकै रोप्ने मेसिन, मकै छोडाउने मेसिन, मिनि टिलर -७ HP, सिचाई मिटर – २ HP, समरसियल मोटर | ७ थान, १४ थान, १४ थान, १० थान, ३ थान र ८ थान | रु ४८००, रु १७,००० र रु२२,००० रु १९०००, रु ४५०००, रु २६०००,र रु१९००० | ५० प्रतिशत र शत प्रतिशत | १४,५०,००० | ९,९८,००० | ४,५२,००० |
| ३ | च्याउको बीउ | कन्या च्याउ (बीउ राख्ने थैला सहित)- ४०० ग्राम | ३००० | १०० | ५० प्रतिशत | ३,००,००० | १,५०,००० | १,५०,००० |
| **जम्मा** | | | | | | **२१२२३९७** | **१४२७२९७** | **६९५१००** |

यसरी अनुदान दिँदा अनुदान प्राप्त गर्नेहरूले गत वर्ष सोही अनुसारको अनुदान नपाएको घोषणा गराई अनुदान दिनुपर्दछ।

३६ **दुध ढुवानी बजारीकरण अनुदान:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैयाँ सम्म लागत अनुमानको मालसामान खरिद गर्दा वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले कृषकहरूलाई दुध ढुवानी कार्यक्रमका लागि रु. १६ लाख बजेट विनियोजन गरेकोमा साना किसान कृषि सहकारी संस्थासँग पालिका र निज संस्थाबिच मिति २०८१/११/२० मा सम्झौता गरी पालिकाको ६७% अंश र उक्त संस्थाको ३३% अंश रहने गरी सम्झौता गरेको छ अर्थात जति बजेट उति नै भुक्तानी हुने किसिमले सम्झौता भएको छ। सवारी साधन खरिदको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ प्रयोग नगरी उक्त संस्थाले ३ वटा कोटेशन लिई उक्त सहकारी संस्था र समृद्धि इन्टरप्राइजेजबीच मिति २०८१/१२/८ मा महेन्द्र बलोर सवारी साधन रु. २३९०००० उपलब्ध गराउने गरी सम्झौता भई पालिकाले साना किसान कृषि सहकारी संस्था लिमिटेडको खातामा पालिकाको तर्फबाट रु. १६००००० अनुदान निकासा दिएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सो नगरी खरिद गरी ६७ प्रतिशत अर्थात अनुदान रु. १६००००० निकासा दिएकोमा कानुनको पालना गरिनुपर्दछ।

३७ **पोशाकमा सामाजिक सुरक्षा कर :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **४,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ३८ **दरबन्दी र पदपूर्ति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ राजस्व क्षमता खर्चको आधार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ। पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती सम्बन्धी विवरण देहाय अनुसार छन्:

| क्र.सं. | पद | तह | सेवा | समुह | स्वीकृत दरबन्दी | स्थायी पदपूर्ति | करार पदपूर्ति | पदपूर्ति हुन बाकी |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा प द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | ० |
| २ | अधिकृत | ९।१० | स्थानीय शिक्षा | शिक्षा प्रशासनर परिक्षण तथा मूल्यांकन | १ | ० | ० | १ |
| ३ | अधिकृत | ७।८ | स्थानीय प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | ० |
| ४ | सि.डि.इ. | ९।१० | स्थानीय इन्जिनियरिङ्ग | सिभिल | १ | ० | ० | १ |
| ५ | लेखा अधिकृत | ७।८ | स्थानीय प्रशासन | लेखा | १ | १ | ० | ० |
| ६ | अधिकृत | ७।८ | स्थानीय शिक्षा | शिक्षा प्रशासनर परिक्षण तथा मूल्यांकन | १ | ० | ० | १ |
| ७ | जन स्वास्थ्य अधिकृत | ७।८ | स्थानीय स्वास्थ्य | हे.इ. | १ | १ | ० | ० |
| ८ | इन्जिनियर | ७।८ | स्थानीय इन्जिनियरिङ्ग | सिभिल | १ | १ | ० | ० |
| ९ | इन्जिनियर | ७।८ | स्थानीय इन्जिनियरिङ्ग | सिभिल | १ | १ | ० | ० |
| १० | आ.ले.प. अधिकृत | ६ | स्थानीय प्रशासन | लेखा | १ | ० | ० | १ |
| ११ | अधिकृत | ६ | स्थानीय प्रशासन | सामान्य प्रशासन | ३ | १ | ० | २ |
| १२ | प.हे.न. | ५।६ | स्थानीय स्वास्थ्य | क.न. | १ | १ | ० | ० |
| १३ | हेल्थ असिष्टेन्ट | ५।६ | स्थानीय स्वास्थ्य | हे.ई. | १ | १ | ० | ० |
| १४ | सहायक | ५ | स्थानीय प्रशासन | सामान्य प्रशासन | ५ | ५ | ० | ० |
| १५ | लेखा सहायक | ५ | स्थानीय प्रशासन | लेखा | १ | १ | ० | ० |
| १६ | प्रा.स. | ५ | स्थानीय शिक्षा | शिक्षा प्रशासनर परिक्षण तथा मूल्यांकन | १ | १ | ० | ० |
| १७ | सव इन्जिनियर | ५ | स्थानीय इन्जि | सिभिल | २ | २ | ० | ० |
| १८ | कम्प्युटर अपरेटर | ५ | स्थानीय प्रशासन | विविध | १ | १ | ० | ० |
| १९ | महिला विकास निरिक्षक | ५ | स्थानीय प्रशासन | विविध | १ | १ | ० | ० |
| २० | अमिन | ४ | स्थानीय इन्जि | सर्भे | १ | १ | ० | ० |
| २१ | सहायक | ४ | स्थानीय प्रशासन | सामान्य प्रशासन | ३ | ३ | ० | ० |
| २२ | स.ले.पा. | ४ | स्थानीय प्रशासन | लेखा | १ | १ | ० | ० |
| २३ | सहायक महिला विकास निरिक्षक | ४ | स्थानीय प्रशासन | विविध | १ | १ | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| **कार्यालय तर्फ जम्मा** | **३२** | **२६** | **०** | **०** |
| **वडा कार्यालय(१६ वटा )** | ३२ | २२ | ५ | ५ |
| **कृषि सेवा तर्फ** | ४ | ४ | ० | ० |
| **पशु सेवा तर्फ** | ६ | ४ | ० | २ |
| **स्वास्थ्य सेवा तर्फ(४ संस्था)** | २४ | २१ | ० | ३ |
| **चिसापानी अस्पताल तर्फ** | २८ | १८ | १ | ९ |
| **जम्मा विवरण** | **१२६** | **९५** | **६** | **२५** |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १२६ दरबन्दी स्वीकृत रहेको, कर्मचारी समायोजनका क्रममा ४ जना कार्यालय सहयोगीहरू समायोजन भई आएको गरी कुल १३० दरवन्दी रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमख प्रशासकीय अधिकृत सहित ९५ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, इन्जिनियर. आ.ले.प अधिकृत, अधिकृत प्रशासन लागायतका २५ पदहरू रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ।

३९ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी :**

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७० को उपदफा ४ मा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ। तर पालिकाले यस वर्ष पालिका र स्वास्थ्य तर्फका ९५ जना स्थायी कर्मचारीलाई रू.३८२२६३५५.३६ तलब भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नुपर्दछ।

४० **दरबन्दी बाहिरको करार :**

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १६(१) मा स्थानीय सेवाको पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गरिने छैन भन्ने व्यवस्था छ। त्यसैगरी सोही दफाको उपदफा (२)मा उपदफा (१) विपरीत गरिएको नियुक्ति स्वतः बदर हुनेछ र त्यसरी नियुक्त भएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्ति गर्ने अधिकारीबाट असुल उपर गरिनेछ भन्ने व्यवस्था गरिएको छ। तर पालिकाले विभिन्न पदमा करार कर्मचारी राखी रु.१ करोड ५६ लाख ३० हजार खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार संचालन ऐन,२०७४ दफा ८३ को उफदफा ८ मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैचे र सरसफाइ सम्बन्धित पदमा स्थायी पदपुर्ति नगरी करार सेवाबाट लिन सकिने व्यवस्था छ। पालिकाले माथि उल्लेखित पद वाहेक अन्य विभिन्न स्वास्थ्य तर्फका सहायक पाँचौ, पब्लिक हेल्थ नर्स, ल्याव अस्सिटेन्ट, अनमी पदमा करारमा नियुक्ती गरी रु.१३२८०००० खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,३२,८०,००० |

४१ **कल्याण कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। साथै, नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पुर्ण सुविधा यसै कोषबाट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा स्थानीय सेवाका कर्मचारीहरू कार्यरत भएका र उक्त कर्मचारीहरूको लागि यस वर्ष तलव भत्ता खर्च लेखे पनि दश प्रतिशतले हुन आउने रकम कट्टा गरी सोही वमोजिम पालिकाले समेत अवकास कोषमा रकम जम्मा गर्नुपर्नेमा गरेको छैन। स्थानीय सेवा सम्बन्धी कानुन हालसम्म नबनेकोमा पालिकाले उक्त कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानुनको व्यवस्था गरेको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिकाको समानीकरण अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरी रु.१० लाख खर्च गरेको छ। अवकाश हुदाँ पाउने रकम योगदानमा आधारित बनाउने तर्फ कानुनी ब्यवस्था गरी कार्यान्वियन गर्नुपर्दछ।

४२ **दोहोरो भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४३ **लघु उद्यम विकास कार्यक्रम :**

गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा नयाँ उद्यमी सृजना तर्फ ५ वटा तथा सीप स्तरोन्नति तर्फ ११ वटा सिपमूलक तालीम संचालन गरी रु.१५७५७३५ खर्च गरी १६० जनालाई सीपमुलक तालिम प्रदान गरेको छ। यसरी तालीम प्राप्त उद्यमी मध्ये विभिन्नलाई प्रविधि हस्तान्तरण अन्तर्गतको सामान वितरण गरेको छ। गरिवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरूको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्बन्धमा समेत पालिकाले अनुगमन गर्नुपर्दछ।

| **नयाँ उद्यमी सृजना तर्फ** | | | | |
|---|---|---|---|---|
| **क्र.स.** | **तालिमको नाम** | **स्थान** | **सहभागी संख्या** | **खर्च रकम रु.** |
| १ | आधारभूत सिलाई कटाई | ब. न. पा. - ९ | १६ जना | २३८९५० |
| २ | आधारभूत व्युटिपालर | ब. न. पा. - ९ | १९ जना | ११९८२० |
| ३ | हाते कढाई बुटिक | ब. न. पा. - ९ | ८ जना | ८१९६५ |
| ४ | दुना टपरी | ब. न. पा. - ९ | ६ जना | १९३५० |
| ५ | सिलाई कटाई | ब. न. पा. - १० | १० जना | १०७७०० |
| **स्तरोन्नती तर्फ** | | | | |
| **१** | एड्भान्स सिलाई कटाई | ब. न. पा. - १ | ८ जना | ८०००० |
| **२** | एड्भान्स कढाई बुटीक | ब. न. पा. - १ | १० जना | १००३३५ |
| **३** | एड्भान्स डल तथा गुडीया बनाउने | ब. न. पा. - ३ | १० जना | १००१६७ |
| **४** | एड्भान्स कढाई बुटीक | ब. न. पा. - ३ | ८ जना | ८००३० |
| **५** | एड्भान्स कढाई बुटीक | ब. न. पा. - ८ | १२ जना | ११७००० |
| **६** | एड्भान्स पटेर मुढा बनाउने | ब. न. पा. - ११ | ९ जना | ९०००० |
| **७** | एड्भान्स कढाई बुटीक | ब. न. पा. - ११ | ९ जना | ९०००५ |
| **८** | एड्भान्स कढाई बुटीक | ब. न. पा. - १५ | ९ जना | ९०००० |
| **९** | जुत्ता चप्पल बनाउने | ब. न. पा. - १६ | ३ जना | ३०३०० |
| **१०** | एड्भान्स कढाई बुटीक | ब. न. पा. - १६ | ८ जना | ८००१५ |
| **११** | एड्भान्स सिलाई कटाई | ब. न. पा. - १६ | १५ जना | १५००९८ |
| **जम्मा** | | | | **१५७५७३५** |

४४ **विज्ञापन करकट्टा :**

लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ५ मा प्रदेशमा विज्ञापन कर सम्बन्धित स्थानीय तहले कानुन बमोजिम निर्धारण गरी असुलउपर गर्नुपर्ने तर स्थानीय तहले त्यस्तो विज्ञापन कर नतोकेको हकमा पाँच प्रतिशतका दरले यस ऐन बमोजिम करकट्टा गरी सम्बन्धित स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष देहाय बमोजिमका सूचना प्रकाशन गर्दा देहायका सञ्चार माध्यमको बिल बमोजिम विज्ञापन करकट्टी नगरी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| गो.भौ. | भुक्तानी पाउने | भुक्तानी रकमभ्याट बाहेक | कर कट्टा रकम | बाँकि रकम |
|---|---|---|---|---|
| ४८/२०८१।५।२७ | सिद्धार्थ पब्लिकेशन प्रा लि | ३९८२२ | ५९८ | १३९३ |
| २५३/२०८१।७।७ | नमस्ते क्रियशन एण्ड एड्भार्टाइजिङ्ग प्रा लि | ५८८०० | ८८२ | २०५८ |
| ३६३/२०८१।८।१० | बुटवल पब्लिकेशन प्रा लि | ३०००० | ४५० | १०५० |
| ४०८/२०८१।८।१९ | बुटवल पब्लिकेशन प्रा लि | ४६००० | ६९० | १६१० |
| ५८५/२०८१।१०।२६ | मेचीकाली सन्देश प्रकासन प्रा लि | १७५३९२ | २६३१ | ६१३९ |
| ११९६/२०८२।१।१९ | नमस्ते क्रियशन एण्ड एड्भार्टाइजिङ्ग प्रा लि | १९३५०० | २८८८ | ६७८७ |
| **जम्मा** | | | | **१९०३७** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १९,०३७ |
|---|---|

४५ **नर्म्स भन्दा बढी भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४६ **प्रकोप व्यवस्थापन कोष खाता:**

बर्दघाट नगरपालिकाको विपद् व्यवस्थापन कोष(सञ्चालन) कार्यविधि, २०७८ को दफा ११ मा आकस्मिक रुपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माण सम्बन्धी कार्य गर्न गराउन सो कोषको प्रयोग गर्न नपाइने व्यवस्था रहेको छ। पालिकाले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी योजनाबद्ध रुपले गर्नुपर्ने काममा निम्नानुसारका कार्य विभिन्न मितिमा विपद् व्यवस्थापन समितिबाट निर्णय गराई उक्त कोषबाट खर्च गरेकोमा उक्त कोषबाट खर्च गर्न नहुने भनिएका नियमित पूर्वाधार विकास निर्माण सम्बन्धी कार्य गरी गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| भौ.नं. रमिति | भुक्तानीपाउनेपक्ष | कामकोविवरण | रकमरु. |
|---|---|---|---|
| १०-२०८१/११/१ | श्रीनवदुर्गामन्दिरमर्मतउपभोक्तासमिति | मन्दिररंगरोगन, तारबारतथामर्मतसम्भार | ५०००० |
| २७-२०८२/३/११ | शसस्त्रक्याम्पबाटोनिर्माणउपभोक्तासमिति | विषयघोलमाग्याभिनसहितकोबाटोस्तरीकरण | २८५२०९ |
| ३०-२०८२/३/१६ | आनन्दनगर बाटो मर्मत उपभोक्ता समिति | घोलाको पश्चिमतर्फको बाटो मर्मत आनन्दनगर | १००००० |
| ३७-२०८२/३/२२ | सित्तल बस्तीको कुलो निर्माण उपभोक्ता समिति | सिंचाई कुलो मर्मत | १७१३५२ |
| ३८-२०८२/३/२३ | जितपुरप्रा.वि. निर्माण उपभोक्ता समिति | जितपुर प्रा.वि. कम्पाउण्ड निर्माण | ३६२५३८ |
| **जम्मा** | | | **९६९०९९** |

| अनियमित भएको | ९,६९,०९९ |
|---|---|

४७ **फरक खर्च शीर्षक :**

महालेखा नियन्त्रक कार्यालयले प्रकाशन गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को बुँदा नं. २.२ मा तीनै तहका सरकारले चालु प्रकृतिको लागि गर्ने खर्चको खर्च संकेत तोकिएको छ। साथै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा स्वीकृत कार्यक्रम भित्र रहेको खर्च शीर्षकमा खर्च गर्न मिल्ने व्यवस्था छ। पालिकाले देहायका खर्च शीर्षकअनुसार खर्च नगरी अन्य खर्च शिर्षकमा रु.३६०७५७ खर्च गरेको छ। खर्च शीर्षकको रकम हो सोही शीर्षकमा खर्च गर्नुपर्नेमा फरक शीर्षकमा खर्च गरेको अनियमित खर्च रु.

| गो.भौ.नं./मिति | खर्च भएको शीर्षक | खर्च हुनुपर्ने शीर्षक | रकम |
|---|---|---|---|
| १४९७/२०८२।२।३० | शभा सञ्चालन खर्च | मसलन्द तथा कार्यालय सामान | ७६५५७ |
| १५५२/२०८२।३।८ | विशिष्ट व्यक्तिहरूको भ्रमण खर्च | मसलन्द तथा कार्यालय सामान | ४६३०० |
| १५४९/२०८२।३।६ | पदाधिकारी बैठक खर्च | कर्मचारी बैठक खर्च | ६३००० |
| १५७४/२०८२।३।११ | पदाधिकारी बैठक भत्ता | कर्मचारी बैठक भत्ता | २८००० |
| १७४८/२०८२।३।१७ | मेलमिलाप कर्ता व्यवस्थापन खर्च | कार्यालय मसलन्द एवं सामाग्री | १४६९०० |
| **जम्मा** | | | **३६०७५७** |

| | |
|---|---|
| अनियमित भएको | ३,६०,७२५ |

४८ **बील बिजक बिना भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **८,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **इन्सयोर कार्यक्रम सम्बन्धमा :**

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE) दोश्रो चरणको परियोजना अवधि वि.स. २०७८।५।२५ देखि २०८२।३।३१सम्म चलाएको कार्यक्रम अनुसार २४ महिने औद्योगिक प्रशिक्षार्थि तालिम , १० महिने कार्यगत अभ्यास सहितको तालिम (१६९६ घन्टा ) र कामदारहरूका २०,२० जना लागि सीप स्तरोन्नती तालिम कार्यक्रम संचालन गरी जय टेक्नोलोजि कलेज लाई रु ७९६४३३,तिनाउ वहुप्राविधिक शिक्षालयलाई रु १२१२९८, पन्चकन्या ट्रेडिङ लाई रु ६,६६,३०० , एशिएन स्कुल तथा पर्यटन होटल मेनेजमेन्ट लाई रु १२६१६०६ , गरी जम्मा रु २८४५६३७। खर्च गरेको छ। यसरी प्राविधिक शिक्षा तालीम प्राप्त दुइबाट संस्थाबाट सीप परीक्षण भएको पाइएन। यस्तो तालिम प्राप्त जनशक्ति सोही काममा लागे लागेनन पालिकाले अद्यावधिक विवरण तयार गरेको पाइएन।

(ख) लुम्विनी प्रदेश सामाजिक विकास मन्त्रालय , दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर) र हेल्वेटास वीच सम्झौता भइ सम्झौताको out put १.४ विद्यालयमा कक्षा ८,९र १० का विद्यार्थि मध्ये भविश्यमा कामका लागि विद्यालय छोड्नु पर्ने , कसैलाई काम गर्दै पढनुपर्ने र कोही सिधै उच्च शिक्षामा जाने सम्भावना भएका विद्यार्थिहरूलाई सहज जीवनयापन,सम्मानीत रोजगारी र उद्यमशीलता का लागि यस पालिका भित्रका ५ वटा विद्यालयहरूमा भौ.न १६४ मिति २०८१।१०।२३ बाट रु ४३९८४०। भौ न ५१८ मिति २०८२।३।२० रु ६३०३६०। गरी १०७०२०० विद्यालयको नाममा निकासा दिएको छ। ति विद्यालयहरूमा सो अनुसारको काम भयो भएन पालिका बाट नियमित अनुगमन गरेको पाइएन।

५० **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन् :

५०.१ **खर्चको अनुमोदन:** सार्वजनिक नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ। नियमावलीमा व्यवस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन।

५०.२ **प्राविधिक बील र कार्यसम्पन्न:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बील बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्तासमितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

५०.३ **उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३(ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिहरूसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन। उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ।

५०.४ **हेभी इक्विपमेण्टको प्रयोग:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाइएन।

५०.५ **लागत सहभागिता :** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

५०.६ **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन।

५०.७ **उपभोक्ता समितिलाई भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उपभोक्तालाई हस्तान्तरण गर्न नमिल्ने अखण्ड आधारभूत विद्यालय निर्माण समिति गठन गरी भुक्तानी गरेकोमा उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने काम उपभोक्ता समितिबाट गराएको अनियमित देखिएको रु ४८९५५९ सरकारी क्षेत्रबाट नै गर्नुपर्ने कामहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरी खर्च लेखेको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,८९,५५९ |

५०.८ वडा नं.११ को वडा कार्यालय बाटो उपभोक्ता समितिलाई बढी भुक्तानी-

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२६,४७२.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **सोझै खरिद सम्बन्धमा**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा खरिद विधि छनौट गर्नुपर्ने र खरिद विधि छनौट गर्दा ऐनको दफा ८ (२) बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न टुक्रा टुक्रा पारी खरिद हुँदैन भन्ने व्यवस्था रहेको छ भने सोही नियमावलीको नियम ८५ मा १० लाख रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले प्रदेश सरकारबाट हस्तान्तरित (विशेष अनदान ) कार्यक्रम अति विपन्न परिवारका लागि १५ लाख वजेट विनियोजन भै आएकोमा पालिकाले निम्नानुसारका सप्लायर्स बाट एच.डि.पि.इ पाइप खरिद गरी भुक्तानी दिएको देखिएकोमा रु १० लाख भन्दा माथिको खरिद सोझै गरेको नियमित नदेखिएको रू.

| सि.न. | भौ न.मिति | सप्लायर्स नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | १०-२०८२।३।५ | आदर्श ट्रेडस | ४८९१२० |
| २ | १३-२०८२।३।१६ | आर्यन सप्लार्यस | ३९५२०४ |
| ३ | १६-२०८२।३।१७ | शम्भु शारदा मेशिनरी स्टोर्स | ४९१७०८ |
| **जम्मा** | | | **१३,७६,०३२** |

| अनियमित भएको | १३,७६,०३२ |
|---|---|

५२ **निर्माण कार्यको वीमा नगराएको :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक बीस लाख भन्दा माथिको निर्माण कार्यमा वीमा गराउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले जहदा खानेपानी तथा सरसफाइ निर्माणका लागि सुप्रमि डिजाइन तथा कन्ट्रक्सन संग रु ३६७७६१८।२६ को सम्झौता गरी निजलाई भौ.न. ३ मिति २०८१।१२।२१ मा रु ४२०९८८। र भौ .न ३१ मिति २०८२।३।२५ बाट रु २९१४९५६ गरी रू.३३३५९४४ भुक्तानी दिएकोले वीमा गराई कार्यसम्पादन गरिनुपर्दछ।

५३ **प्रोग्राम अपडेट सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली २०६४ ,को नियम १११ खरिद सम्झौता सम्बन्धी व्यवस्था तथा खरिद सम्झौताको जि.सि.सि. ३४. ४ मा खरिद कार्य योजना पेश गर्नु पर्ने व्यवस्था रहेको छ र सम्झौता भएको १५ दिन भित्रबाट काम शुरु गर्नुपर्ने र ३० दिन भित्रमा कार्ययोजना पेश गर्नुपर्ने गरी सम्झौता भएको र सम्झौता गर्दा कार्ययोजना पेश नभएमा रकम रोक्का राख्ने गरी सम्झौता भएकोले छनौटका आधारमा परीक्षण गरिएका निम्नानुसारका निर्माण व्यवसायीले खरिद कार्ययोजना पेश नगरेकोले खरिद सम्झौता अनुसार कार्य योजना कार्यतालिका पेश गर्नुपर्ने अन्यथा असुल गर्नेपर्ने रु.

| सि. नं. | ठेक्का लगाएको आ.व. | निर्माण व्यवसायी | काम | सम्झौता रकम | सम्झौता अनुसार कार्यतालिका पेश नगरेमा रकम रोक्का राख्नुपर्ने रकम (with hold) |
|---|---|---|---|---|---|
| १ | २०८०।८१ | वनदेवी निर्माण सेवा | शित भण्डार निर्माण | २७५३५५५.१९ | ३०००० |
| २ | २०८०।८१ | अनिशा कन्ट्रकसन | भट्टराई चोक बाट छविलाल पंगेनीको घर सम्म | ३३९७१७४.३७ | ५०००० |
| ४ | २०८०।८१ | एस एस कन्ट्रक्सन | हेल्थपोष्टमा कम्पाउण्डवाल निर्माण | १४३०५०९.४३ | ५०००० |
| ६ | २०८०।८१ | नमस्ते नेपाल कन्ट्रक्सन | सार्वजनिक शौचालय र वायो सहितको शौचालय निर्माण | २७७९९४८.०३ | ५०००० |
| ८ | २०८०।८१ | रिजन निर्माण सेवा | थारु गाउं मोहिनी चलचित्र मन्दिर देखी उद्योग वाणिज्य संघ देखि त्रिवेणी सडक, शिवनगर कोलोनी सडक वडा नं ४ तथा लण्डन व्रिज अल्हावल सडक मर्मत कार्य वडा नं १० | ८९२८०३३.६७ | ५०००० |
| ९ | २०८०।८१ | बनदेवी निर्माण सेवा बर्दघाट १२ नवलपरासी | चौपत्ता आवास क्षेत्रमा वालमैत्री पार्क निर्माण बर्दघाट १४ | १९४१०९५ | ५०००० |
| १० | २०८०।८१ | कुशल निर्माण सेवा सन्दिखर्क २ अर्घाखाँची | फाटक निर्माण वडा नं ८ | २५७८३०७.७९ | ५०००० |
| ११ | २०८१।८२ | नम्सु निर्माण सेवा | पवित्र वस्ती कालो पत्रे | ३३५८४६३९६ | ३०००० |
| **जम्मा** | | | | | **३६००००** |

| प्रमाण पेश नगरेको | ३,६०,००० |
|---|---|

५४ **बालमैत्री कार्यक्रम:**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत बालमैत्री स्थानीय शासन कार्यान्वियन निर्देशिका, २०७८ को दफा १३ अनुसार बालमैत्री स्थानीय शासन कार्यान्वियनको मुख्य जिम्मेवारी गाउँपालिकाको तथा नगरपालिकाको रहने र सोही निर्देशिकाको अनुसूची २ को (ङ) मा स्थानीय तहले बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जुमा गर्ने, उक्त नीतिलाई वार्षिक एवम् आवधिक योजनामा समावेश गर्ने भुमिकाको व्यवस्था गरिएको छ। पालिकाले बालमैत्री कार्यक्रमका लागि गत आर्थिक वर्ष २०८०/०८१ मा रु. १२,७४,५१५ र बालमैत्री कार्यक्रम सञ्चालनमा बैठक तथा अन्तर्क्रिया, अभिमुखीकरण, बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा समारोह, बाल समूहका पदाधिकारीलाई क्षमता विकास तालिम, बाल समूह गठन/पुनर्गठन, आवधिक लगानी योजना तयारी कार्यशाला आदि क्रियाकलाप गरी यस आर्थिक वर्ष रु.२४९९९९६ खर्च गरेको छ। यद्यपि पालिकाले बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तयार गर्न समेत नसकेको कारण वार्षिक तथा

आवधिक योजनामा सु-व्यवस्थित, प्रभावकारी रुपमा सोसँग सम्बन्धित विषय समावर्श हुने अवस्था सुनिश्चित भएको देखिँदैन। अत: निर्देशिकामा तोकिए अनुसार बालमैत्री स्थानीय शासन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्दछ।

५५ **शिक्षा तर्फ**

शिक्षातर्फ देखिएका मुख्य बेहोराहरू निम्नानुसार रहेका छन्।

५५.१ **विद्यालय र विधार्थी संख्या :** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसारदेखिएका व्यहोराहरू देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ३४ | ८५९५ |
| २ | संस्थागत विद्यालय | २८ | १००७६ |
| **जम्मा** | | **६२** | **१८६७१** |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या १८६७१ रहेकोमा ४६ प्रतिशत सामुदायिक र ५४ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेका छन्।

५५.२ **सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ति :** आर्थिक वर्ष २०८१।८२ मा पालिका भित्रका ३४ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक+ बालविकास | २६८ + ४५ | २२९ | ८४ | - |

उक्त विवरण अनुसार पालिकामा सामुदायिक विद्यालयमा २६८ र बालविकासमा ४५ गरी जम्मा ३१३ दरबन्दी रहेकोमा १८४ जना स्थायी पदपूर्ती र ८४ जना राहत/करारमा नियुक्त गरी पठन पाठन हुँदै आएको छ।

५५.३ **शिक्षक विद्यार्थी अनुपात :** विद्यालय क्षेत्र सुधार योजना अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ:

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | सरस्वती मा.वि., बर्दघाट-१४ | २१ | ४४५ | १:२१ |
| २ | दाउन्नेदेवी मा.वि., बर्दघाट-४ | २४ | ८०९ | १:३४ |
| ३ | राजा महात्मा पूर्णभद्र मा.वि., बर्दघाट-९ | २६ | ६४३ | १:२५ |
| ४ | शान्ति निकुञ्ज रे.गौ.गौ.मा.वि., बर्दघाट-५ | १७ | ५४३ | १:३२ |
| ५ | वाल्मीकि मा.वि., बर्दघाट-१ | १६ | ४१४ | १:२६ |
| ६ | गंगा मा.वि., बर्दघाट-१४ | २२ | ६१४ | १:२८ |
| ७ | दिव्यज्योति मा.वि., बर्दघाट-२ | २४ | १२०८ | १:५० |
| ८ | नित्यानन्द रत्नकुमारी मा.वि., बर्दघाट-१२ | १९ | ५७० | १:३० |
| ९ | राष्ट्रिय मा.वि., बर्दघाट-७ | १३ | ४६५ | १:३६ |
| १० | नवजीवन मा.वि., बर्दघाट-४ | १४ | ३२४ | १:२३ |
| ११ | ज्ञानज्योति मा.वि., बर्दघाट-१० | १२ | २१८ | १:१८ |
| १२ | जनता आ.वि., बर्दघाट-११ | ९ | १३७ | १:१५ |
| १३ | सिद्धज्योति आ.वि., बर्दघाट-१६ | ८ | २०८ | १:२६ |
| १४ | आनन्द आ.वि., बर्दघाट-१५ | ४ | १०८ | १:२७ |
| १५ | दुर्गा आ.वि., बर्दघाट-१३ | ७ | २०९ | १:३० |
| १६ | जयन्ती आ.वि., बर्दघाट-१३ | ८ | २६४ | १:३३ |
| १७ | अखण्ड आ.वि., बर्दघाट-१३ | ६ | ८९ | १:१५ |
| १८ | पशुपति आ.वि., बर्दघाट-१४ | ५ | ९० | १:१८ |
| १९ | शिरोमणी प्रा.वि., बर्दघाट-११ | ४ | २१६ | १:५४ |
| २० | भानु प्रा.वि., बर्दघाट-८ | ३ | ९१ | १:३० |
| २१ | जीतपुर प्रा.वि., बर्दघाट-५ | ३ | ५९ | १:२० |
| २२ | ज्ञानोदय प्रा.वि., बर्दघाट-३ | ४ | ४६ | १:१२ |
| २३ | मौलादेवी प्रा.वि., बर्दघाट-२ | ३ | ५८ | १:१९ |
| २४ | नवदिव्यज्योति आ.वि., बर्दघाट-४ | ५ | १०६ | १:२१ |
| २५ | दाउन्नेदेवी प्रा.वि., बर्दघाट-१४ | ६ | १२७ | १:२१ |
| २६ | भद्रकाली प्रा.वि., बर्दघाट-२ | ४ | ५१ | १:१३ |
| २७ | शुक्र प्रा.वि., बर्दघाट-१४ | ४ | ८३ | १:२१ |
| २८ | आम्बास प्रा.वि., बर्दघाट-२ | ४ | २९ | १:७ |
| २९ | जानकी प्रा.वि., बर्दघाट-३ | ४ | ५६ | १:१४ |
| ३० | धारापानी प्रा.वि., बर्दघाट-२ | २ | ४९ | १:२५ |
| ३१ | पवित्र प्रा.वि., बर्दघाट-१४ | ६ | ११७ | १:२० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | मंगलादेवी प्रा.वि., बर्दघाट-२ | २ | १९ | १:१० |
| ३३ | जनमुखी प्रा.वि., बर्दघाट-२ | २ | ३० | १:१५ |
| ३४ | मदरसा अरबिया मदारुल ओलुम, जमुनावारी | २ | १०० | १:५० |
| **जम्मा** | | ३१३ | ८५९५ | १:२७ |

पालिकाका ३४ वटा विद्यालयहरूमा ३१३ जना शिक्षक र ८५९५ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:२७ रहेको छ। श्री दिव्यज्योति मा.वि., बर्दघाट-२ को शिक्षक विद्यार्थी अनुपात १:५० रहेको छ भने आम्बास प्रा.वि., बर्दघाट-२ को शिक्षक विद्यार्थी अनुपात १:७ रहेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ।

५५.४ **प्रति विद्यार्थी लागत:** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | २९८७००००० | २६६२५०००० | ८५९५ | ३०९७७.३१ |

उपरोक्त विवरण अनुसार पालिकाको वाल विकास देखि कक्षा १२ सम्मको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.३०९७७.३१ रहेको छ।

५५.५ **शैक्षिक गुणस्तर:** पालिका अन्तर्गत रहेका ११ सामुदायिक विद्यालयहरूको २०८१ सालको एस.ई.ई. परीक्षामा जम्मा ६१६ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था देहाय बमोजिम रहेको छ।

| क्र.स. | जिपिए | जम्मा विद्यार्थी संख्या | संख्या | उत्तिर्ण प्रतिशत सामुदायिक |
|---|---|---|---|---|
| १ | ३.६ देखि ४ सम्म | ६१६ | २७ | ५०.९७ |
| २ | ३.२ देखि ३.६ सम्म | | ६८ | |
| ३ | २.८ देखि ३.२ सम्म | | १२१ | |
| ४ | २.४ देखि २.८ सम्म | | ९३ | |
| ५ | २.० देखि २.४ सम्म | | ५ | |
| ६ | १.६ देखि २.० सम्म | | ० | |
| ७ | N. G. | | ३०२ | |

उल्लेखित तालिका अनुसार ३.६१-४.०० जि.पि.ए २८ जना, ३.२१-३.६० जि.पि.ए.ल्याउने ६८ जना, २.८१- ३.२ जि.पि.ए. ल्याउने १२१ जना, २.४१-२.८ जि.पि.ए. ल्याउने ९३ जना तथा २.०१-२.४ जि.पि.ए. ल्याउने ५ जना गरी ६१६ जना मध्ये ३१४ जना अर्थात ५०.९७ प्रतिशत विद्यार्थी मात्र सामुदायिक विद्यालयबाट उत्तीर्ण भएकोमा ३०२ जना अर्थात ४९.०३ प्रतिशत विद्यार्थीले N. G. ल्याएको देखिन्छ। जसअनुसार उच्च जि.पि.ए. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.३०९७७।३१ रहेकोमा उत्तीर्ण प्रतिशत न्यून रहेकोले शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

५५.६ **दिवा खाजा :** पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु.१५ का दरले दिवा खाजा वापत औषत १७० दिनको ४१२७ विद्यार्थीलाई ७०१५९२ हाजिरी दिनको लागि तपशिल बमोजिम गो.भौ. र मितिबाट रु.१०५२३८९० अनुदान उपलब्ध गराएको छ। पालिकाले ३९ विद्यालयहरूमा दिवा खाजा उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्न छन्:

| गो. भौ . र मिति | दिवा खाजा रकम |
|---|---|
| ६८/२०८१।८।१८ | २९८४३३५ |
| १८४/२०८१।११।२ | २९२०७८५ |
| ३४९/२०८२।१।१२ | २४९९९१५ |
| ५१३/२०८२।३।१८ | २११८८५५ |
| **जम्मा** | **१०५२३८९०** |

(क) स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी सङ्ख्या एकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा केहि विद्यालयको नमुना परीक्षण गर्दा आंशिक रुपमा मात्र प्रधानाध्यापकले प्रमाणित गरेको पाइयो भने अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको रकमको नियमित अनुगमन गरिनु पर्दछ।

(ख) विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड अनुसार गणस्तर व्यवस्थापनका नमूना अनुसूची-४ बमोजिम कार्यान्वियन गर्नुपर्नेमा स्थानीय निकायले अनुगमन गरेको पाइएन।

५५.७ **पाठ्यपुस्तकमा बढी निकासा:** शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.४.६.२ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था छ।क्रियाकलाप नं ३.१ को १ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गरी शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्युपस्तकको सङ्ख्या यकिन गर्ने र सोहि क्रियाकलापको २ मा यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले EMIS मा समावेश भएका विद्यार्थी संख्यासँग वास्तविक विद्यार्थी संख्यालाई सत्यापन नगरी बढी निकासा दिएको देहायको विद्यालयको पाठ्यपुस्तकको बढी निकासा भएको असुल गर्नुपर्ने रु.

| क्र. सं. | विद्यालयको नाम | कक्षा | दर | EMIS अनुसार | निकासा | बढी निकासा विद्यार्थी | बढी निकासा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रियमा.वि. बर्दघाट-७ | ६ | ७०७.३ | ५२ | ५६ | ४ | २८२९.२ |
| २ | राजा महात्मा पूर्णभद्र मा.वि. बर्दघाट-९ | ३ | ५८०.८ | १९ | २४ | ५ | २९०४ |
| | **कुल जम्मा** | | | | | | **५७३३.२** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१५,७५९.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,३२३.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७३३.२ |

५५.८ **शिक्षण सिकाई सामाग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान:**

बर्दघाट नगरपालिका शिक्षा भौ.नं. ६१-२०८१/९/२५, ४९-२०८१/१०/२३- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/०८२ को २.३.२ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई EMIS प्रतिवेदनमा उल्लेखित विद्यार्थी सङ्ख्याका आधारमा कार्यविधि अनुसार शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान स्वरुप १-५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी रु. १५०, त्यसैगरी ६-८ सम्म रु.२०० एवम् रुपले विद्यालयले माग गरे अनुसार विद्यार्थी सत्यापन/रुजु गरी अनुदान दिने व्यवस्था रहेको छ। सोही अनुसार पालिकाले संघीय सशर्त अनुदानतर्फ समावेश बजेट शीर्षक(प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान)बाट रु. २७,२२,९५० विद्यालायलाई अनुदान दिएकोमा पालिका तर्फबाट पनि रु. २२ लाख बजेट व्यवस्था गरिएको र मिति २०८१/८/२ मा प्रति विद्यार्थी रु. ३४० का दरले बालविकासदेखि कक्षा ८ सम्मका सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान दिने भनि नगर शिक्षा समितिबाट निर्णय भएको छ। यसै सन्दर्भमा समितिको निर्णय अनुसार उल्लिखित भौचरबाट पालिकाका विभिन्न ३३ विद्यालयलाई पालिकाबाट(बर्दघाट नगरपालिका शिक्षा) रु. २१५८६६० अनुदान दिइएको पाइयो। यसरी संघीय सशर्ततर्फ बाट अनुदान दिइएको अवस्था तथा उक्त कार्यान्वयन कार्यविधिमा उल्लिखित

दर भन्दा फरक पर्ने गरी एवम् आफ्नो कार्यविधि पनि निर्माण नगरी समितिको निर्णयका आधारमा प्रति विद्यार्थी रु.३४० का दरले विद्यालयहरूलाई अनुदान दिइएको छ। दुई-दुई पटक एउटै कामका लागि अनुदान दिँदा पालिकालाई थप व्ययभार परेका कारण ति ३३ विद्यालयलाई दिइएको अनुदान नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २१,५८,६६० |

५५.९ **शिक्षकलाई ल्यापटपमा अनुदान :** २०३-२०८२/३/१९- पालिकाले यस वर्ष प्रविधिमैत्री कक्षा सञ्चालन गर्न शिक्षक/विद्यालयलाई ल्यापटप अनुदान कार्यक्रम सञ्चालन गरी रु. २३,४०,००० खर्च गरेको छ। शिक्षक/विद्यालयले विद्यालय व्यवस्थापन समितिसँग सम्झौता गरेर ल्यापटप खरिद गरी सोको बिल लगायतका कागजात संलग्न गरी माग गरेको आधारमा विद्यायललाई प्रति शिक्षक रु.२०,००० का दरले अनुदान उपलब्ध गराउने निर्णय गरी सोही अनुसार अनुदान उपलब्ध गराइएको छ। विद्यालयहरूलाई अन्य कार्यक्रमहरू जस्तै: डिजिटल शिक्षक सिकाइ सामग्री, शैक्षिक व्यवस्थापन आदिबाट पनि संघीय सशर्त र पालिकाबाट विद्यालयलाई अनुदान उपलब्ध गराइएकोमा शिक्षकहरूले खरिद गरेको ल्यापटपमा समेत अनुदान दिएको पाइयो। यसरी शिक्षकहरूलाई ल्यापटपमा अनुदान दिँदा कार्यविधि निर्माण नगरी दिएको छ।

५५.१० **निजी स्रोतका करार शिक्षकलाई अनुदान :**

शिक्षा मानवश्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ मा सामुदायिक विद्यालयहरूलाई विद्यालय गतिविधिसँग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सङ्घीय सरकारबाट अनुदान निकासा दिने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष सम्बन्धित विद्यालयहरूद्वारा निजी स्रोतबाट तलब भत्ता भुक्तानी गर्ने गरी विद्यालयहरूद्वारा नियुक्त गरेका शिक्षकहरूलाई तलब भत्ता वापत वडा कार्यालयको सिफारिसको आधारमा देहायका विद्यालयहरूलाई अनुदान उपलब्ध गराएको नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | गो.भौ/मिति | विद्यालयको नाम | भुक्तानी रकम | विद्यालयको शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | ११७/२०८१।६।११, ५१५/२०८१।९।२२, १११०/२०८१।१।३ | वाल्मिकि मा वि शिक्षण सिकाईव्यवस्थापन अनुदान वडा नं. १ | ४५०००० | १:२६ |
| २ | ४५७/२०८१।९।२, ७९९/२०८१।११।१२, ९६९/२०८१।१२।१२ र अन्य | मौलादेवी प्रा.वि. लाई तलब सहयोग वडा नं. २ | १०१०७५ | १:१९ |
| ३ | १७८/२०८१।६।२०, ६१०/२०८१।९।२८ | भद्रकाली प्रा बिशिक्षक सहायतको नं. २ | १३०००० | १:१३ |
| ४ | १७८/२०८१।६।२०, ६१०/२०८१।९।२८ | आम्वास प्रा.वि.लाइ शिक्षक सहायतको नं. २ | २५०००० | १:७ |
| ५ | ८७/२०८१।६।७ | धारापानी प्रा वि लाइ शैक्षिक सहायता | १२०९२५ | १:२५ |
| ६ | ७०४/२०८१।१०।२४ | शान्ति निकुञ्ज रेवती गौतम गौतम मा.वि. शिक्षण सहायता अनुदान वडा नं. ५ | ५००००० | १:३२ |
| ८ | ३५४/२०८१।८।६, १३२५/२०८१।२।६ | जितपुर प्रा.वि.मा शिक्षण सहायता वडा नं. ५ | २००००० | १:२० |
| ९ | ६७९/२०८१।१०२३ | राण्ट्रिय मा वि शिक्षण सहयाता वडा नं. ६ | १५०००० | १:३६ |
| १० | ३४४/२०८१।८।५ | श्री राष्ट्रिय मा वि शिक्षण सहायता वडा नं. ७ | ३००००० | १:३६ |
| ११ | ८७५/२०८१।१२।५, १५९/२०८१।६।१८, २०८१।१२।१४ | ज्ञान ज्योति मा वि शिक्षण सहयोग वडा नं. १० | ३९८७५० | १:१८ |
| १२ | १५६/२०८१।६।१८ | श्री नव दुर्गा आधारभुत विधालयलाइ रकम वडा नं. १३ | १४८००० | १:३० |
| १३ | १५८/२०८१।६।१८ | जयन्ति आधारभुत विद्यालयका वडा नं. १३ | २२५००० | १:३३ |
| १४ | ४६४/२०८१।९।३ | अखण्ड आधारभुत विधालयलाइ शिक्षक सहायता वडा नं. १३ | १५०००० | १:१५ |
| १५ | ४६८/२०८१।९।८ | दुर्गा आ वि वडा नं. १३ | १०२००० | १:३० |
| १६ | १०१२/२०८१।१२।२० | पवित्र प्रा. वि. शिक्षण शिकाई व्यवस्थापन अनुदान वडा नं. १४ | ५०००० | १:२० |
| १७ | १०२७/२०८१।१२।२१ | पशुपति प्रा. वि. शिक्षण शिकाई व्यवस्थापन अनुदान वडा नं. १४ | ५०००० | १:१८ |
| १८ | २७९/२०८१।७।१४, ६४४/२०८१।१०।७, ११५८/२०८२।१।१०, १५७८/२०८२।३।११ | श्री आनन्द आधारभूत विद्यालय वडा नं. १५ | ५५८००० | १:२७ |
| १९ | १७६/२०८१।६।२०, ५९४/२०८१।९।२८, १११/२०८२।१।३, १७०९/२०८२।३।१६ | सिद्धज्योती आधारभुत विद्यालय सहयोग अनुदान वडा नं. १६ | ७०२००० | १:२६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २० | ७७५/२०८१।११।५ | नवदिव्य ज्योती आधारभुत विद्यालय शिक्षक सहायता अनुदान वडा नं. ५ | २००००० | १:२१ |
| २१ | २६१/२०८१।७।९ | नवजीवन मा वि शिक्षण सहायता अनुदान वडा नं. ५ | २००००० | १:२३ |
| **जम्मा** | | | **४७८५७५०** | |

| | |
|---|---|
| अनियमित भएको | ४७,८५,७५० |

५६ **सङ्घीय सशर्तको रकम फिर्ता :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को निमय ४५ मा संघिय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले नियुक्ती गरेका स्वास्थ्य संस्थामा कार्यरत वित्तीय समानीकरण अनुदानबाट खर्च गरेको रकम पालिकाले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,१९,८१० |

५७ **समपुरक अनुदान सम्बन्धमा :**

नेपाल सरकार समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०८१ को सि.नं. ९ मा स्थानीय तहलाई समपुरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको समपुरक अनुदान दिने व्यवस्था रहेको छ।यसरी अनुदान दिदा कार्यक्रमको लागत,

प्रकृति कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, पुर्वाधार विकास अवस्थाका आधारमा समपुरक अनुदान दिन सकिने व्यवस्था रहेको छ।पालिकाको रू.१ करोड ३५ लाख र सङ्घीय सरकारको रू.१ करोड ३५ लाख गरी कुल रू२ करोड ७० लाख बजेट विनियोजन भएकोमा यस वर्ष वडा कार्यलय भवन निर्माण (७ स्थान) का लागि बजेटको व्यवस्था भएतापनि ५ वटा वडा कार्यालयहरुको भवन निर्माण भएकोमा यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ।

(क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा खरिद विधि छनौट गर्नुपर्ने र खरिद विधि छनौट गर्दा ऐनको दफा ८ (२) प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न टुक्रा टुक्रा पारी खरिद गर्न हुँदैन भन्ने व्यवस्था रहेको छ।सो कार्यक्रमको लागि पालिकाको कार्यपालिकाको मिति २०८१।४।२७ वडा कार्यलयको कामलाई टुक्रापारि पाँच वटा निर्माण व्यवसायिबाट कार्य गराई यस वर्ष रु २०७०६९४१.५६ भुक्तानी भएकोले एक मुष्ट वजेटलाई टुक्रापारी खरिद गरेको कार्य नियमित नदेखिएको रु.

| क्र.सं. | वडा नम्बर | निर्माण व्यवसायि | लागत अनुमान | सम्झौता रकम | कुल खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १५ | जेसिका निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. | ४५४९११५.७६ | ३३४६७७१.७१ | ३१७५४०१.९४ | सम्पन्न |
| २ | ३ | मोनोहर कन्ट्रक्सन | ९४२१२१६.३ | ६६६१५९१.६८ | ६२१६०२४.२१ | सम्पन्न |
| ३ | १२ | वनदेवी निर्माण सेवा | ८७८४०८४.८८ | ६१२६००१.२३ | ५७६०६१७ | सम्पन्न |
| ४ | १६ | जेसिका निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. | ३४५११७४.८१ | २४३०३५३.५७ | २२८०७०९.५ | सम्पन्न |
| ५ | ९ | एम डि खान कन्ट्रक्सन प्रा.लि. | ७०४०५३७.३२ | ५३८७५२७.७७ | २१९७८०१.२१ | अधुरो |
| जम्मा | | | ३३२४६१२९.०७ | २३९५२२४५.९६ | १९६३०५५३.८६ | |

| | |
|---|---|
| अनियमित भएको | १,९६,३०,५५३.८६ |

५८ **सामाजिक सुरक्षा भत्ता सम्बन्धमा**

५८.१ **भत्ता वितरण :**

आर्थिक वर्ष २०८१।८२ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ।

| क्र.स. | पालिकाको जनसंख्या (२०७८सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|---|
| १ | ७६७०३ | ८४७९ | ११.०५ | ३०९७२२००६.५० |

पालिकाले यस वर्ष ८४७९ जनालाई लाभग्राहिलाई रु. ३०९७२२००६.५० सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ। पालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्या २०७८ को जनगणना अनुसारको जनसंख्याको तुलनामा ११.०५ प्रतिशत हो।

५८.२ **लाभग्राहीको अभिलेख :**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख सामाजिक सुरक्षा नियमावली, २०७६ को अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अभिलेख अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ। सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले सबै लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ।

५८.३ **निस्कृय खाता :**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई वा सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष १६ वटै वडाको सबै त्रैमासिकको भत्ता EFT मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त गरेको छैन। कार्यविधिका आधारमा लाभग्राहीको विवरण पेश हुनुपर्दछ।

५८.४ **भत्ता वितरणको अनुगमन :**

सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाको प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त कार्य गरेको देखिएन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

५९ **आय ठेक्का सम्बन्धमा :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१६,१०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१७,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१०,३५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **५,७५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१२,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **५,७५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **५,७५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३,४५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६० **उठ्न बाँकी भाडा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ मा पालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत वहाल कर लगाउन सक्ने उल्लेख छ। पालिकाबाट प्राप्त विवरण अनुसार विभिन्न पसल हाटबजार वहालमा लगाएकोमा सम्झौता अनुसार सम्झौताको अवस्थामा ५० प्रतिशत सम्झौताको अवस्थामा दाखिला गरेको र बाँकी ५० प्रतिशत २०८२/२/३० सम्म भाडा भुक्तानी गर्नुपर्ने तथा नगरेमा जरिवाना सहित असुल गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आय ठेक्कामार्फत आइतबारे साप्ताहिक हाटबजार बर्दघाट-९ भूताहमा कर सङ्कलन गर्न मिति २०८१/२/२८ मा सूचना प्रकाशन गरी श्री जे.वी. कन्ट्रक्सन सरावल-१ सँग मिति २०८१/४/६ मा २०८२ असार मसान्त सम्मका लागि रु. १२,४०,७४० को सम्झौता भएको छ। सम्झौतानुसार निज कन्ट्रक्सनबाट १२,४०,७४० असुल गर्नुपर्नेमा हालसम्म रु.६,९१,७४० मात्र उठाइएको र सोको मूल्य अभिवृद्धि कर रु.१,४२,७४० दाखिला गरेकोमा उठ्न बाँकी रकम उक्त कन्ट्रक्सनबाट कति दिन ढिला भएको हो पालिकाले आफै हिसाब गरी जरिवाना सहित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४९,००० |

६१ **आन्तरिक राजस्व :**

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

• कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको एकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउँछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाब मिलान गरेको छैन।

• आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवाना यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेप फा.नं. १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन।

• वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ।

• पालिका भित्रका स्थायी लेखा नं. लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

६२ **राजस्व संकलन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाद्वारा उपलब्ध विवरण अनुसार यस वर्ष रु.८ करोड आन्तरिक आयको अनुमान गरिएकोमा तपसिलका शीर्षकमा रु.८ करोड १३ लाख ७ हजार ६७० रुपैँया आन्तरिक राजस्व सङ्कलन भएको छ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ६०००००० | १९८२४४४ | ३३.०४ |
| २ | ११३१४ - भुमिकर/मालपोत | १०००००००० | १६७२२०७९ | १६७.२२ |
| ३ | ११३१७ - वहाल कर | १०००००००० | ८०६९०३५ | ८०.६९ |
| ४ | ११३१८ - वहाल विटौरी कर | १७०००००० | १४३१३२७० | ८४.२० |
| ५ | ११४५१ - सवारी साधन कर (सानासवारी) | ४००००० | ४६६९५० | ११६.७४ |
| ६ | ११६११ - व्यवसायले भुक्तानीगर्ने | ०.०० | ७३१२२८ | |
| ७ | ११६३१ - कृषितथा पशुजन्यवस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | ११०० | |
| ८ | ११६३२ - अखेटोपहारमा लाग्नेकर | १४४०००० | ०.०० | |
| ९ | ११६९१ - अन्य कर | ०.०० | ८५४५७ | |
| १० | १४१५१ - सरकारी सम्पत्तीकोवहालबाट प्राप्त आय | १००००० | ३५९३७५ | ३५९.३८ |
| ११ | १४२१२ - सरकारी सम्पतीकोबिक्रीबाट प्राप्त रकम | ०.०० | १२९४४५ | |
| १२ | १४२१३ - अन्य बिक्रीबाटप्राप्त रकम | ३००००० | २००.०० | ०.०७ |
| १३ | १४२१८ - विद्युत सेवा शुल्क | ०.०० | १००० | |
| १४ | १४२१९ - अन्य सेवा शुल्क तथाबिक्री | १००००० | १६२०० | १६.२० |
| १५ | १४२२१ - न्यायिक दस्तूर | ३०००० | २४०५० | ८०.१७ |
| १६ | १४२२३ - शिक्षा क्षेत्रकोआम्दानी | ०.०० | ५८७०० | |
| १७ | १४२२४ - परीक्षा शुल्क | ०.०० | १९००० | |
| १८ | १४२२९ - अन्य प्रशासनिक सेवाशुल्क | ०.०० | १११६९८० | |
| १९ | १४२४१ - पार्किङ्ग शुल्क | १०००००० | ०.०० | ०.०० |
| २० | १४२४२ - नक्सापास दस्तुर | ५५००००० | ८७३९६७६ | १५८.९० |
| २१ | १४२४३ - सिफारिश दस्तुर | १६०००००० | १५३९०७४९ | ९६.१९ |
| २२ | १४२४४ - व्यक्तिगत घटनादर्ता दस्तुर | ८००००० | ३३१०००० | ४१३.७५ |
| २३ | १४२४५ - नाता प्रमाणितदस्तुर | ३०००० | ४५६९१० | १५२३.०३ |
| २४ | १४२४९ - अन्य दस्तुर | १७००००० | २७६६२७७ | १६२.७२ |
| २५ | १४२५३ - व्यावसायरजिष्ट्रेशन दस्तुर | ०.०० | ४२५४६ | |
| २६ | १४२६३ - जलस्रोत सम्बन्धीअन्य दस्तुर | १००००० | ०.०० | ०.०० |
| २७ | १४३११ - न्यायिक दण्ड जरिवाना र जफत | ०.०० | १४०० | |
| २८ | १४३१२ - प्रशासनिक दण्डजरिवाना र जफत | १५००००० | १०४१७३४ | ६९.४५ |
| २९ | १४३१३ - धरौटी सदरस्याहा | १००००० | ०.०० | ०.०० |
| ३० | १४५२९ - अन्य राजस्व | ३२००००० | ७२५०४० | २२.६६ |
| ३१ | १४६११ - व्यवसाय कर | ४५००००० | ४३९०२५० | ९७.५६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | १५१११ - बेरूजू | २००००० | ३४६५७५ | १७३.२९ |
| **जम्मा** | | **८००००००** | **८१३०७६६९.६२** | **१०१.६३** |

६३ **अनुदान र आन्तरिक आय :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| अनुदानबाट भएको खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६५२७९६०६४.१ | ८१३०७६६९।६२ | १२.४५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १२.४५ प्रतिशत मात्र रहेको छ।

६४ **औषधि खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) पच्चीस लाख रुपैया सम्मको औषधी जन्य मालसमान नेपालमा उत्पादित मालसमानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ। पालिकाले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी २ पटक टेण्डर विधिबाट रु. ४९२०७६३। को खरिद गरेको छ। यसबाट आपूर्ति हुने औषधी डब्लु एच ओ सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति , व्याच नं, म्याद समाप्त हुने मिति उल्लेख गरी सम्बन्धीत वीज्ञ बाट मुचुल्का उठाइ राख्ने नगरेको, आपुर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनु अधि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकीन हुन सकिएन। औषधी खरीदको आपुर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीको जिम्वेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

६५ **सेनेटरी प्याड खरिद सम्वन्धमाः**

शिक्षा मानव श्रोत तथा विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूको निःशुल्क सेनेटरी प्याड खरिद गर्नको लागि ठे.नं सूचना प्रकाशन गरी खरिद गर्ने प्रक्रिया अगाडी वढाइ भुसाल ट्रेड एण्ड सप्लार्यस संग सम्झौता गरी ५२९६० प्याकेटको प्रतिप्याकेट मु अ कर वाहेक २४.४५ थान खरिद गरि निजलाई भौ.न ४१८ मिति २०८२।२।२८ बाट रु १४६३२०५ भुक्तानी दिएको छ। सेनेटरी प्याड ( वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ६(४) मा विद्यालयका सम्पर्क व्यक्तिले छात्राहरूलाई एउटा महिनावारी चक्रका लागि बढीमा १६ वटा सम्म सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको मध्यावधितिर खरिद गरी विद्यालयहरूलाई वितरण गरी के कति सेनिटरी प्याड प्याकेट जिन्सी खातामा बाँकी रहेको छ। सोको अभिलेख पेश हुन सकेन।

६६ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्च शिर्षकबाट रु. ३२६०००० खर्च गरेको छ, जुन आन्तरिक आय रु. ८१२६८२६९.६२ को ४.०१ प्रतिशत हुन आउँछ। जसमध्ये सभा सञ्चालन, अतिथि सत्कार, विभिन्न समितिको बैठक तथा खाजा खर्च तथा अन्य कार्यक्रममा भएको विविध खर्च लगायत रहेको छ। खर्चको स्पष्ट मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| विषय | रकम |
|---|---|
| सभा सञ्चालन भएको खर्च | ७६०००० |
| अतिथि सत्कारमा भएको खर्च | १०००००० |
| विभिन्न समितिको बैठक तथा खाजा खर्च | १०००००० |
| अन्य कार्यक्रममा भएको विविध खर्च | ५००००० |
| **जम्मा** | **३२६००००** |

६७ **अन्य निकायको नाममा खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको

सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाको पालना बेगर कार्यालयले छुटै बजेट र अस्तित्व भएको देहायका कार्यालयलाई गरेको निम्नानुसार भुक्तानी नियमित नदेखिएको रु.

| **भौ.नं. र मिति** | **भुक्तानी पाउने** | **कामको विवरण** | **रकम रु.** |
|---|---|---|---|
| ६-२०८१/९/१२ | अस्थायी प्रहरी पोष्ट अधुरो भवन निर्माण समिति | अस्थायी प्रहरी पोष्ट भटौलिया अधुरो भवन निर्माण बर्दघाट-१२ भटौलिया कुसुम चोक | ३००००० |
| २१-२०८१/११/८ | नम्सु निर्माण सेवा | सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा तालिम शिक्षालयको भान्साघर रंगरोगन तथा मर्मत सम्भार | २५९५५४ |
| **जम्मा** | | | **५५९५५४** |

| | |
|---|---|
| अनियमित भएको | ५,५९,५५४ |

६८ **अन्य निकायको अवलोकन भ्रमण खर्च भुक्तानी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढ्ने जस्ता योजनालाई प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। साथै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २४(२)मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्यक्षेत्र बाहिरका वडा नं. १४ को सिफारिस बमोजिम ५ वटा टोल विकास संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरू मकवानपुर, धनुषा, सर्लाही लगायतको अवलोकन भ्रमण कार्यक्रमको लागि बजेट विनियोजन गरी रु.२४०००० खर्च गरेको उक्त खर्च नियमसम्मत नभएको रु०

| | |
|---|---|
| अनियमित भएको | २,४०,००० |

६९ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई म्याद नाघेको पेश्की रु.२१ लाख १५ हजार तथा म्याद ननाघेको पेश्की रु.१८ हजार २०० बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु रु.२१ लाख १५ हजार फर्स्यौट गर्न बाँकी रहेकोले फर्स्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्तीफर्म वा कम्पनीको नाम | चालुआ. व. | | | गत आ.व.सम्म |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | | म्यादनाघेको | म्यादननाघेको |
| | | | | | रकम | फछ्र्यौटकोअन्तिम म्याद | | रकम |
| १ | २०८१/०६/०४ | १० | पशुकृत्रिम गर्भाधान AI सहायता | सविन गहतराज | ० | २०८१/०७/०९ | १०००००. | ०.०० |
| २ | २०८२/०३/१८ | १७७१ | भ्रमणखर्च तालिम र सरुवा | शारदा भट्टराई | १८,२००.०० | २०८२/०४/२१ | ०.०० | ०.०० |
| ३ | २०८२/०१/०५ | ३८३ | घेक्दवावडा न ८ हुदै सरावल वडा न ३ जोडने बाटो कालोपत्र सडक निर्माण र भानु नगरबाटविजयपुर बाटो कालोपत्रे प्रदेश समपुरक | आर.वी.कन्ष्ट्रक्सन | ०.०० | २०८२/०२/०९ | ६५००००. | ०.०० |
| ४ | २०८२/०२/०२ | ४६० | मिलनचोकदेखी सन्ताउन्न जाने बाटो कालोपत्रे | सुसानकन्स्ट्रकसन प्रा.लि | ०.०० | २०८२/०३/०६ | १८५०००. | ०.०० |
| ५ | २०८२/०२/२७ | ५५४ | वडाकार्यालय जाने बाटो स्तरोन्नती वडा न १३ | सुसानकन्स्ट्रकसन प्रा.लि | ०.०० | २०८२/०३/३१ | १८००००. | ०.०० |
| ६ | २०८१/०६/०८ | २१ | विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरण एवम्कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | राजामहात्मा पूर्णभद्र माध्यमिक विद्यालय school | ०.०० | २०८१/०७/१३ | १००००००. | ०.०० |
| **कुल जम्मा** | | | | | **१८२००.००** | **०** | **२११५०००.००** | **०.** |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१८५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| पेश्की | ० |
|---|---|

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालयद्वारा प्रकाशित राजस्व वर्गीकरण र व्याख्या २०७४ को खण्ड-४ वित्तीय सम्पत्ती तथा दायित्व(वित्तीय व्यवस्था) अन्तर्गत मूल्य अभिवृद्धि कर सम्बन्धमा वित्तीय संकेत, वित्तीय सम्पत्ती तथा दायित्व/वित्तीय व्यवस्थाका आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक एवं सोको व्याख्या बमोजिम सम्बन्धित कर सोसँग सम्बन्धित वित्तीय संकेत अनुसार जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न आय ठेक्का बमोजिम राजस्व आम्दानी गरी मूल्य अभिवृद्धि कर संकलन तथा दाखिला गरेकोमा निम्नानुसारले गर्नुपर्नेमा फरक वित्तीय संकेत, मूल शीर्षक तथा उपशीर्षकमा दाखिला गरेकोले सम्बन्धित शीर्षममा नै दाखिला गर्नु पर्दछ। | 0.00 |

| क्र.सं. | बेरुजुको विवरण | | | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **आय ठेक्काको नाम** | **ठेकेदार/व्यक्ति** | **सम्झौता मिति** | **सम्झौता अवधि** | **सम्झौता रकम** | **पालिकामा दाखिला रकम** | **मू.अ.कर दाखिला गरेको वित्तीय संकेत तथा शीर्षक** | **मू.अ.कर दाखिला गर्नुपर्ने संकेत तथा शीर्षक** | **रकम रु.** | |
| | सूर्यपूरा पोखरी बर्दघाट-८ | मुनेश्वरी कुमारी चौधरी, बर्दघाट-८ | २०८१/१२/६ | २०८३/१२/१५ | १४००००० | १३८३८९३ | ३३११४, मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | ३३३१७,मू.अ.क.-बेदर्तावालाले गर्ने संकलन | १६१०६ | |
| | सपहिया पोखरी बर्दघाट-१२ | धर्मागत पाण्डे, बर्दघाट-१२ | २०८१/१२/१० | २०८३/१२/१५ | १५०००० | १३२७४३ | ३३११४, मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | ३३३१७,मू.अ.क.-बेदर्तावालाले गर्ने संकलन | १७२५७ | |
| | कमल पोखरी(पोखरी टोल) बर्दघाट-१३ | शिवशरण कहाँर,बर्दघाट-१३ | २०८१/१२/१० | २०८३/१२/१५ | ९०००० | ७९६४६ | ३३११४, मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | ३३३१७,मू.अ.क.-बेदर्तावालाले गर्ने संकलन | १०३५४ | |
| | धनेवा पोखरी विसल्ला, बर्दघाट-१३ | मुवारक अलि कुजडा, बर्दघाट-१३ | २०८१-१२-८ | २०८३/१२/१५ | ५०००० | ४४२४७ | ३३११४, मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | ३३३१७,मू.अ.क.-बेदर्तावालाले गर्ने संकलन | ५७५३ | |
| | मझौनी गाउँ(ठूलो पोखरी) बर्दघाट-१३ | शिवशरण कहाँर, बर्दघाट-१३ | २०८१-१२-४ | २०८३/१२/१५ | १०५००० | ९२९२० | ३३११४, मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | ३३३१७,मू.अ.क.-बेदर्तावालाले गर्ने संकलन | १२०८० | |
| | मझौनी गाउँ(सानो पोखरी) बर्दघाट-१३ | मुवारक अलि कुजडा, बर्दघाट-१३ | २०८१-१२-८ | २०८३/१२/१५ | ५०००० | ४४२४७ | ३३११४, मू.अ.क.-परामर्श तथा | ३३११,मू.अ.क.-बेदर्तावालाले गर्ने संकलन | ५७५३ | |

| क्र.सं. | | | | बेरुजुको विवरण | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ठेक्का संकलन | | | |
| | बनहिया पोखरी बर्दघाट-१३ | मुवारक अलि कुजडा, बर्दघाट-१३ | २०८१/१२/४ | २०८३/१२/१५ | ५०००० | ४४२२७ | ३३११४, मू.अ.क.- परामर्श तथा ठेक्का संकलन | ३३३१७,मू.अ.क.- बेदर्तावालाले गर्ने संकलन | ५७५३ | |
| | रामजानकी मन्दिर बाटो पश्चिम पोखरी बर्दघाट-१३ | बिमल कोइराला, बर्दघाट-१३ | २०८१/१२/३ | २०८३/१२/१५ | ३००० | २६५४८ | ३३११४, मू.अ.क.- परामर्श तथा ठेक्का संकलन | ३३३१७,मू.अ.क.- बेदर्तावालाले गर्ने संकलन | ३४५२ | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बर्दघाट नगरपालिका, नवलपरासी , बर्दघाट नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| लेखा प्रमुख | विष्णु लाल पुरी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६४३,५९५.३ | ४४,९३३,४४२.८६ | ६,४११,३५०.९४ | ० | ० | २,११५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५४,१०३,३८९.१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,२६१,३३३.१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५१,८४२,०५६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १५३८७०६४२.१९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४८००८१५७५.१४ | चालु खर्च | ५३६२५२०८०.३१ |
| प्रदेश सरकारबाट अनुदान | ३०११०००० | पूँजीगत खर्च | २८७०५९७९० |
| राजश्व बाँडफाँट | १८३९२५९०२.७४ | वित्तीय/अन्य व्यवस्था | ३५०७८३१०१.३२ |
| आन्तरिक आय | ८१३०७६६९.६२ | | |
| अन्य आय | ३४६८२३६६३.०९ | | |
| कुल आय | ११२२२४८८१०.५९ | कुल खर्च | ११७४०९४९७१.६३ |
| बाँकी मौज्दात | | १०२०२४४८१.१५ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | २२,६१,२४,६८५.४४ | ० | २२,६१,२४,६८५.४४ | २०,७४,९७,०१६.७० | ० | २०,७४,९७,०१६.७० |
| १३००० | अनुदान | | ४९,७५,२२,९०४.३६ | ० | ४९,७५,२२,९०४.३६ | ५०,१२,३८,५५१.५६ | ० | ५०,१२,३८,५५१.५६ |
| १४००० | अन्य राजस्व | | ४,१५,२५,९४७.०६ | ० | ४,१५,२५,९४७.०६ | ४,५९,७९,५७०.९४ | ० | ४,५९,७९,५७०.९४ |
| १५००० | विविध प्राप्ति | | ३,४६,५७५.०० | ० | ३,४६,५७५.०० | २५,८८,०३३.०० | ० | २५,८८,०३३.०० |
| क | कुल जम्मा प्राप्ति | | ७६,५५,२०,१११.८६ | | ७६,५५,२०,१११.८६ | ७५,७३,०३,१७२.२० | | ७५,७३,०३,१७२.२० |
| ३ | चालु | | ५३,६२,५२,०८०.३१ | ० | ५३,६२,५२,०८०.३१ | ५०,५८,६०,४५१.८९ | ० | ५०,५८,६०,४५१.८९ |
| २१००० | पारिश्रमिक / सुविधा | | ३२,२१,७४,३०२.७२ | ० | ३२,२१,७४,३०२.७२ | ३०,३८,३९,२३४.४३ | ० | ३०,३८,३९,२३४.४३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १७,३३,७०,०४७.५९ | ० | १७,३३,७०,०४७.५९ | १६,०८,१२,४९४.४६ | ० | १६,०८,१२,४९४.४६ |
| २५००० | सहायता (Subsidy) | | ३,००,५४,२१४.०० | ० | ३,००,५४,२१४.०० | ३,०७,३१,९८४.०० | ० | ३,०७,३१,९८४.०० |
| २७००० | सामाजिक सुरक्षा | | ८७,७१,५६१.०० | ० | ८७,७१,५६१.०० | ८७,१०,४१३.०० | ० | ८७,१०,४१३.०० |
| २८००० | अन्य खर्च | | १८,८१,९५५.०० | ० | १८,८१,९५५.०० | १७,६६,३२६.०० | ० | १७,६६,३२६.०० |
| ४ | पूंजीगत | | २८,७०,५९,७९०.०० | ० | २८,७०,५९,७९०.०० | २७,९९,८६,६०१.०० | ० | २७,९९,८६,६०१.०० |
| ३१११० | भवन तथा संरचना | | ४,६३,८१,३४०.०० | ० | ४,६३,८१,३४०.०० | २,९४,३१,७५६.०० | ० | २,९४,३१,७५६.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,००,२९,३०८.०० | ० | १,००,२९,३०८.०० | १,५३,४४,४५२.०० | ० | १,५३,४४,४५२.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३,०४,७२,६९४.०० | ० | ३,०४,७२,६९४.०० | २,१६,८३,९६५.०० | ० | २,१६,८३,९६५.०० |
| ३११४० | सुरक्षा उपकरण | | १४,९७,६८७.०० | ० | १४,९७,६८७.०० | ७,८६,०८३.०० | ० | ७,८६,०८३.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १७,८९,९९,१७१.०० | ० | १७,८९,९९,१७१.०० | २०,९७,१२,८८४.०० | ० | २०,९७,१२,८८४.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ३२,९६,१४९.०० | ० | ३२,९६,१४९.०० | २२,०८,१०९.०० | ० | २२,०८,१०९.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,६३,८३,४४१.०० | ० | १,६३,८३,४४१.०० | ६,०९,७४७.०० | ० | ६,०९,७४७.०० |
| ३१३१० | बहुमूल्य सामानहरु | | ० | ० | ० | २,०९,६०५.०० | ० | २,०९,६०५.०० |
| ५ | वित्तीय | | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख) | कुल जम्मा भुक्तानी | | ८२,३३,११,८७०.३१ | | ८२,३३,११,८७०.३१ | ७८,५८,४७,०५२.८९ | | ७८,५८,४७,०५२.८९ |
| ग) | बचत /कमी (ग = क-ख ) | | -५,७७,९१,७५८.४५ | | -५,७७,९१,७५८.४५ | -२,८५,४३,८८०.६९ | | -२,८५,४३,८८०.६९ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ६५,५६,६०२.८५ | | ६५,५६,६०२.८५ | ७३,७६,१७३.७९ | | ७३,७६,१७३.७९ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | १,५५,०३२.९४ | | १,५५,०३२.९४ | -१२,०४८.७५ | | -१२,०४८.७५ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | -५,१२,३५,१५५.६० | | -५,१२,३५,१५५.६० | -२,११,६७,७०६.९० | | -२,११,६७,७०६.९० |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १५,३८,७०,६४२.१९ | | १५,३८,७०,६४२.१९ | १७,५०,३८,३४९.०९ | | १७,५०,३८,३४९.०९ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १०,२६,३५,४८६.५९ | | १०,२६,३५,४८६.५९ | १५,३८,७०,६४२.१९ | | १५,३८,७०,६४२.१९ |
| | | | | | | | | |
| लेखाप्रमूख | | | कार्यकारी अधिकृत | | | महालेखापरीक्षकको कार्यालय | | |
| पालिकाबाट प्रमाणिकरण मिति : | | | | | | | | |

## सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।